# चुमनुब्री गाउँपालिका गोरखाको राजश्व सुधार कार्ययोजना

# २०७७


**चुमनुब्री गाउँपालिकाको कार्यालय**

**फिलिम, गोरखा, गण्डकी प्रदेश**



मंसिर २०७७

| | |
|---|---|
| **शीर्षक** | चुमनुब्री गाउँपालिकाको राजश्व सुधार कार्ययोजना, २०७७ |
| **गाउँपालिका** | चुमनुब्री गाउँपालिका, गोरखा |
| **प्राविधिक सहयोग** | सेमिड नेपाल, एकान्तकुना, ललितपुर |
| **समन्वय र सहयोग** | पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) |
| **मिति** | मंसिर, २०७७ |

चुमनुब्री गाउँपालिकाका लागि मोट म्याकडोनाल्ड/पूर्णिमाको आर्थिक सहयोगमा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एण्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजश्व सुधार कार्ययोजना तयार गरिएको हो । यस कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीयस्तरबाट योगदान पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री धनबहादुर गुरुङ, उपाध्यक्ष श्री कुमारी गुरुङ, सबै वडाका वडाअध्यक्षज्युहरु र कार्यपालिकाका सदस्यज्यूहरु लगायत सम्पूर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत श्री भिमसेन श्रेष्ठज्यु लगायत सम्पूर्ण कर्मचारीहरु, राजश्व परामर्श समिति, मोट म्याकडोनाल्ड, पूर्णिमा परियोजनाका श्री सन्तोष विष्ट, सीमा रजौरे, विकाश पन्थी, स्थानीय सल्लाहकार श्री प्रवीण नेपाली र सरोकारवाला निकाय तथा व्यक्तिहरु प्रति सेमिड नेपाल हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यसकार्यमा विज्ञका रुपमा सेवा प्रदान गर्ने विज्ञहरु प्रति विशेष धन्यवाद व्यक्त गर्दै यसकार्यमा आर्थिक सहयोग तथा स्थानीयस्तरबाट समन्वयका लागि समेत सहयोग पुऱ्याउने पूर्णिमा कार्यक्रम र त्यसका सम्बन्धित पदाधिकारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजश्वमा अपेक्षा अनुरुप स्रोत परिचालन र व्यवस्थापन क्षमतामा अभिवृद्धि भई स्थानीय सेवा प्रवाहमा सुधार हुने विश्वास गर्नुका साथै यस कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनका लागि चुमनुब्री गाउँपालिकालाई शुभकामना समेत गर्दछौं ।

सेमिड नेपाल,
एकान्तकुना, ललितपुर

# विषय सूची

**परिच्छेद – एक : परिचय** १
१.१ पृष्ठभूमि १
१.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता २
१.३ राजश्व सुधार कार्ययोजनाको औचित्य २
१.४ योजनाले राखेका उद्देश्यहरु ३
१.५ योजना तर्जुमा विधि र प्रक्रिया ३
१.६ योजनाका सीमाहरु ६
**परिच्छेद – दुई : चुमनुब्री गाउँपालिकाको संक्षिप्त परिचय** ८
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ८
२.२ गाउँपालिकाको मानव संसाधनको अवस्था १२
२.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था . १३
**परिच्छेद – तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाब्यता** १४
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था . १४
३.१.१ संवैधानिक ब्यवस्था १४
३.१.२ कानुनी व्यवस्था १४
३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अवस्था २०
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २२
३.३.१ कर राजश्व २३
३.३.२ गैर कर राजश्व ३२
**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** ३७
४.१ राजश्व परिचालन सम्बन्धी नीति ३७
४.२ आय संकलनको संस्थागत क्षमता ३७
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ३८
४.४ राजश्व परिचालनमा रहेका सवालहरू ४०
**परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना** ४४
५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना ४४
५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीतिहरु ४४
५.१.२ कार्यनीति ४४
५.१.३ राजश्व सुधार कार्ययोजना ४६

**परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण** ५०

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ५०

**परिच्छेद – सातः अपेक्षित नतिजा** ५४

**परिच्छेद – आठ : अनुगमन तथा मूल्यांकन** ५५

अनुसूचीहरु ५७

अनुसूची १ : राजश्व सम्भावना विश्लेषणका आधारहरु ५७

अनुसूची २ : गाउँपालिकाको आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण ६४

अनुसूची ३ : तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ७२

अनुसूची ४ : सूचना प्रमाणीकरण तथा थप सूचना संकलनका लागि अन्तर्क्रिया ७३

अनुसूची ५ : सन्दर्भ सामग्रीहरू ७७

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहका सरकारहरुको कार्यजिम्मेवारी निर्धारण गरेको छ । संवधिानले तीन तहका सरकारहरु बीच अधिकार बाडफाँड गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण, राजश्व वाँडफाँड र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था छ ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान स्थानीय तहले प्राप्त गर्दछन् । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट असुल हुने राजश्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ । यी अनुदान तथा राजश्व वाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन । खर्च आवश्यकता र स्रोतका बीच फासला कम गर्न राज्यको राजश्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ । यसैले संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजश्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ । नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ ।




*चित्र १ : अन्तर सरकार वित्तीय हस्तान्तरण*

जनताको वढ्दो माग वमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि स्थानीय सरकारहरुको आन्तरिक राजश्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य छ । प्रस्तुत प्रतिवेदनमा यस गाउँपालिकाको आन्तरिक स्रोतको संभावनाहरुको खोजी, राजश्व परिचालनको अवस्था र त्यसमा सुधार गर्नुपर्ने पक्षहरुबारे अध्ययन गरी सोको नतिजा समावेश गरिएको छ । चुमनुब्री गाउँपालिका, नेपालको प्रशासनिक विभाजन अनुसार गण्डकी प्रदेशको गोरखा जिल्लामा पर्ने उच्च पहाडी एवम् हिमाली भूबनोट भएको गाउँपालिका हो । साविकका सामागाउँ, ल्हो, प्रोक, विही छेकम्पार, चुम्चेत र सिर्दिबास समेत गरी कुल ७ वटा गाउँ विकास समितिहरु मिलाएर बनाएको यस गाउँपालिका गोरखा जिल्लाको उत्तरी भेकमा पर्दछ । पहाडी भूभाग, छरिएको र पातलो वस्ती, भिरालो र कम उत्पादकत्व भएको खेती गरिने जमीन तथा केही भूभागमा सदा हिउँ जमिरहने तथा अन्य भूभागमा पातलो वनजंगल र घाँसे मैदानले ढाकेको क्षेत्र बढी रहेको यस गाउँपालिकामा हालसम्म सडक यातायात पुग्न सकेको छैन ।

## १.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजश्व सम्बन्धी सैद्धान्तिक मान्यता अनुसार स्रोतहरु स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रुपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने रहेको छ । स्थानीय राजश्व परिचालन गर्दा करदाताको तिर्न सक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सबै करदातालाई समता अर्थात समान व्यवहार हुने, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पारदर्शिता र सुनिश्चितता रहेको, पर्याप्त स्रोत परिचालन हुने तथा मितव्ययिता जस्ता पक्षहरुलाई पनि ध्यान दिनुपर्ने उल्लेख भएको पाइन्छ ।

नेपालको संविधान र सो वमोजिम जारी भएका कानून अनुसार जनताको माग र आवश्यकतालाई सम्वोधन गरी जनताको सवभन्दा नजिकको सरकारका रुपमा शिक्षा, स्वास्थ्य, कृषि, पशुस्वास्थ्य, खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, यातायात व्यवस्थापन, आर्थिक उपार्जन र रोजगारी उपलब्ध गराउनका लागि स्थानीय तहको व्यवस्था भएको हो । यसका जनप्रतिनिधिलाई आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पुरा गर्न तथा जनताले महसुस गर्नेगरी सुधार गर्न स्रोत साधन तथा चुस्त, राम्रो र प्रभावकारी प्रशासनका साथै चाहेको स्थान वा विषयमा लगानी गर्ने स्वायत्तता चाहिन्छ । स्थानीय तहले स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ठ उपाय भनेको आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले लगाएको करबाट संकलन गर्नु हो । स्थानीय तहले लगानी नगरे, रोजगारी सिर्जना नगरे, जनताको आम्दानीमा ध्यान नदिए, सार्वजनिक सेवा र पूर्वाधार विकासमा काम नगरे वा गुणस्तर नभए जनताले विश्वास गर्दैनन् भने व्यवसायीले पनि त्यस्ता स्थानमा वस्न रुचाउँदैनन् र अन्यत्र राम्रो सेवा र विकासका अवसर भएका स्थानमा बसाई सर्ने सम्भावना हुन्छ । आफ्नै नियन्त्रणमा भएको साधनले मात्र जनताका माग अनुसारका सेवा र सुविधा उपलब्ध गराउन तथा निर्वाचन क्षेत्रप्रति जवाफदेहिता बहन गर्न सजिलो हुन्छ । राजश्व परिचालनले साधनको व्यवस्थाका साथै सार्वजनिक उत्तरदायित्व पनि बढाउँछ । त्यसैले स्थानीय तहमा राजश्व परिचालन अपरिहार्य छ र यस्तो राजश्वको परिचालन व्यवसायिक, कार्यकुशल र प्रभावकारी हुनुपर्छ ।

## १.३ राजश्व सुधार कार्ययोजनाको औचित्य

गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि आवश्यक राजश्व सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपण गर्न राजश्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो । यस राजश्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधन र अन्य आन्तरिक राजस्वका स्रोतहरुको अधिकतम परिचालन गरी जनताका माग र आवश्यकता अनुसारका विकास निर्माण एवं सेवा प्रवाह गर्ने कार्यमा आत्मनिर्भरता तर्फ अग्रसर गराउन यो अध्ययन सहयोगी हुने विश्वास गरिएको छ । यसरी राजश्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शारांसलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र २ : राजश्व सुधार कार्ययोजनाको औचित्य*

## १.४ योजनाले राखेका उद्देश्यहरु

यस राजश्व सुधार योजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका बार्षिक आर्थिक ऐनहरु बमोजिम गाउँपालिकाको राजश्व परिचालन क्षमताका आधारमा स्रोतहरुको सम्भाव्यता, जनताको कर तिर्न सक्ने क्षमता र गाउँपाकिलाको राजश्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरु पहिचान गर्दै राजस्व अभिबृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ । बुँदागत रुपमा उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१. राजश्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने ।
२. गाउँपालिकाको वर्तमान आन्तरिक आयका आधार, दर र प्रशासकीय संरचनाको विश्लेषणको आधारमा सुधारका लागि सुझाव सहितको राजश्व प्रक्षेपण गर्ने ।
३. गाउँपालिकाले आन्तरिक राजश्व प्रभावकारी रुपमा संकलनका लागि अपनाउनु पर्ने रणनीति, कार्यनीति तथा प्रशासकीय सुधार सहितको राजश्व सुधार कार्य योजना तर्जुमा गरी स्वीकृतिका लागि सिफारिस गर्ने ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको छ । यसको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ लाई लिइएको छ । साथै स्थानीय आवश्यकता अनुसार गाउँपालिकाका

सम्भाव्य राजश्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी निर्देशिका वमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन् ।

१. राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२. योजना तर्जुमा कार्यदल गठन
३. योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरु संकलन तथा अध्ययन
४. प्रारम्भिक कार्यशालाको आयोजना
५. सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण
६. राजश्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७. योजनाको मस्यौदा तयारी
८. राजश्व सम्भावना विश्लेषण तथा राजश्व प्रक्षेपण
९. मस्यौदा प्रतिवेदन गाउँपालिकामा प्रस्तुति र सुझाव संकलन
१०. मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी
११. गाउँ कार्यपालिकामा छलफल र स्वीकृति

*चित्र ३ : राजश्व सुधार कार्ययोजनाका चरणहरु*चुमनुब्री गाउँपालिकाबाट राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धमा भएको निर्णय अनुसार गरेको अनुरोधका आधारमा पूर्णिमा परियोजनाले जारी गरेको सूचनामा नै जानकारी भएको र सेमिड नेपालमार्फत यो कार्यक्रम कार्यान्वयन गर्ने सम्झौता भएपछि गाउँपालिकासँग टेलिफोन संवादमा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा राजश्व सुधार कार्यदल गठन भएको जानकारी प्राप्त हुनुका साथै विभिन्न समयमा भएका छलफलहरुबाट गाउँपालिकाबाट आवश्यक सन्दर्भ सामग्री संकलन गरी अध्ययन टोलीलाई प्राप्त भएको थियो । यसैक्रममा विश्वव्यापी माहामारीका रुपमा रहेको कोभिड १९ का कारणले मन्त्रालयले निर्धारण गरेका उपर्युक्त चरणहरुमा उल्लिखित कृयाकलापहरुलाई निम्नलिखित बुँदाहरुमा समायोजन गरी कार्ययोजना तर्जुमा कार्य सम्पादन गरिएको छ ।

### १. सन्दर्भ सामग्री संकलन तथा अध्ययन

यसमा राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अन्तर्गतका सामग्रीहरुमा सामग्रीहरुमा Fiscal federalism in Nepal : Challenges and

Opportunities (RK Shah), Explening Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC), नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन, २०1४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६), साझेदारी ऐन, २०२० ( संशोधन २०७५), कम्पनी ऐन, २०६३ (संशोधन २०७५),उपभोक्ता हित संरक्षण ऐन, २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, निमावली, योजना आदि रहेका छन् ।

साथै प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा गण्डकी प्रदेश आर्थिक ऐन २०७६, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् ।

गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, आवधिक तथा रणनीतिक योजनाका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु आदि छन् ।

## २. गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पूर्णिमा कार्यक्रम अन्तर्गतका सल्लाहकारसँग फोन तथा इमेलमार्फत सम्पर्क गरी राजश्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियावारे जानकारी गराई गाउँपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो । यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई २०७६ चैत्र ११ गतेदेखि देशव्यापी बन्दावन्दीको घोषणा भएपछि राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई बैकल्पिक विधिका रुपमा सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो ।

राजश्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना संकलन फाराम गाउँपालिकामा पठाई सो सम्बन्धमा इमेल, टेलिफोन तथा जुम प्रविधिमार्फत स्पष्ट गराई स्थानीय गणक समेत व्यवस्था गरी सम्बन्धित सूचना, सामग्रीहरु गाउँपालिकाले संकलन गरी ३ हप्ताभित्र पठाउने प्रतिवद्धता प्राप्त भयो । प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुग्यो ।

## ३. तथ्यांक तथा सूचना विश्लेषण

गाउँपालिकाबाट संकलित विगतका आयव्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यांक तथा सूचनाहरु विश्लेषण गरियो । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी भयो ।

यी विषयमा थप प्रष्टताका लागि गाउँपालिका पदाधिकारी, कर्मचारीहरु र मनास्लु क्षेत्र संरक्षण कार्यालयसँग जुम प्रविधिको प्रयोग गरी भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतिहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सवै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थिति वारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने बिषयहरुमा पूर्णिमा सल्लाहाकारसँग टेलीफोन छलफल गरी स्पष्ट भएपछि सोही

आधारमा राजश्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन तयार गरी गाउँपालिकालाई उपलब्ध गराइयो । साथै उक्त मस्यौदा वारे पुनः जुम प्रविधिको प्रयोग गरी दफावार छलफल गरिने वारे समेत अवगत गराउँदै गाउँपालिकालाई राजश्वका देहाय विषयमा अभिमुखीकरण गर्नुपर्ने विषयमा समेत जानकारी दिइयो ।

क) स्थानीय करको सिद्धान्त, गाउँपालिकाको आन्तरिक स्रोत सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु, राजश्व परिचालन सम्बन्धमा नेपालका गाउँपालिका तथा नगरपालिकाहरुले गरेका असल अभ्यासहरुका विषयमा अभिमुखीकरण तथा अन्तर्क्रिया ।

ख) स्थानीय व्यवसाय दर्ता, नवीकरण र त्यसको महत्वका विषयमा निजी क्षेत्रलाई अभिुखीकरण गरी स्थानीय कर सम्बन्धी बुझाईमा सुधार ।

ग) करको दर र दायरा बृद्धिमा गाउँपालिकाको भूमिका एवं राजश्व प्रशासन र राजश्व परिचालनमा लैंगिक तथा सामाजिक समावेशीता सम्बन्धी जानकारी अभिवृद्धि ।

घ) गाउँपालिकाको आन्तरिक राजश्वको वर्तमान अवस्थामा भएको उपयोग सम्बन्धी लोखाजोखा तथा स्थानीय सरकारहरुले गरेका राजश्वको र उपयोग वारे जानकारी ।

### ४. राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण

माथिका बुँदा नं १ देखि ३ सम्मका क्रियाकलापहरु तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल संभाव्यता र सोबाट प्राप्त हुन सक्ने राजश्वलाई आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण गरियो । यसरी तर्जुमा भएको मस्यौदालाई गाउँपालिका तथा मोट म्याकडोनाल्ड/पूर्णिमा कार्यक्रम मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक पुनरावलोकन तथा सुझावका लागि प्रस्तुत भई गाउँपालिका तथा माथि उल्लेखित निकायहरुबाट प्राप्त सुझावलाई समावेश गरी गाउँपालिकामा अन्तिम मस्यौदा पेश गरिएको छ ।

### ५. राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

यसरी गाउँपालिकामा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले आवश्यक छलफल तथा स्वीकृत गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधार गर्न छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिएकोछ ।

उपर्युक्त पाँचवटा बुँदाहरु बाहेक राजश्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्वन्धमा गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरु र स्थानीय व्यवसायी तथा नागरिक समाजका प्रतिनिधिहरुको उपस्थितिमा गाउँपालिकाको केन्द्र फिलिममा नै २०७७ पौष ११ गते अभिमुखीकरण तथा वैधानिकीकरण कार्यशाला समेत सम्पन्न गरियो । यस कार्यशालामा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले प्रतिवेदनमा परेका तथ्यांकको परिमार्जन र गाउँपालिका क्षेत्रमा रहेको भूमिको अवस्था बारेमा परामर्शदाता टोलीलाई अवगत समेत गराउनु भएको थियो । सहभागीहरुको विवरण अनुसूची ४ मा संलग्न रहेको छ ।

## १.६ योजनाका सीमाहरु

प्रस्तुत राजश्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजश्व बाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजश्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजश्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरुसँगको अन्तर्क्रियाबाट सम्पुष्टि गरिएको थियो ।

४. गाउँपालिकाको गठन भएको ३ वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकेले ऐतिहासिक प्रवत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद – दुई : चुमनुब्री गाउँपालिकाको संक्षिप्त परिचय

गोरखा जिल्लाको उच्च हिमाली भूभागमा रहेको चुमनुब्री गाउँपालिकाको राजश्व परिचालनको बर्तमान अवस्था बिश्लेषण तथा भविष्यको सम्भाव्यता पहिचान गर्न, राजस्व परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गर्न, गाउँपालिकामा सञ्चालनमा रहेका आर्थिक गतिविधि, मानवीय संसाधन तथा भौतिक स्रोत साधन लगायतको अवस्था थाहा पाउन यी बिषयमा गाउँपालिकामा रहेका सूचनाहरु प्राप्त गर्नु महत्वपूर्ण रहेको छ । यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

**(क) भौगोलिक अवस्था:** गण्डकी प्रदेश अर्न्तगत गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुमनुब्री गाउँपालिका साविकका ७ वटा गाउँविकास समितिहरू (समागाँउ, ल्हो, प्रोक, विहि, छेकम्पार, चुम्चेत र सिर्दिबास) मिलाएर गठन भएको हो । गोरखा जिल्लाको मुख्य नदी बुढी गण्डकीको पश्चिमी भाग तथा जिल्लाको उत्तर पूर्व अवस्थित सिर्दिबासको फिलिम यस गाउँपालिकाको केन्द्र रहेको छ ।

कुल क्षेत्रफल १६४८.५ वर्ग कि.मी. रहेको यो गाउँपालिका समुद्री सतहवाट १२३९ मिटर देखि ८१६३ मिटरको उचाईसम्म फैलिएको छ । नेपालका उच्च हिमश्रृंखला मध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (८१६३ मिटर) यसै गाउँपालिकामा अवस्थित छ । हिमचुली (७८९३ मिटर) र श्रृङ्गी (७१८७ मिटर) जस्ता उच्च हिमाल लगायत अन्य हिमश्रृङखला यसै गाउँपालिकामा पर्दछन् । यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । यो गाउँपालिकामा लार्के (५२०५ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरुका साथै काल ताल र विरेन्द्र तालहरु जस्ता विभिन्न ताल तलैयाहरु रहेका छन् । विशिष्ट साँस्कृतिक, ऐतिहासिक गुम्बाहरु र असंख्य जडिवूटी, जैविक विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । वुढी गण्डकी जलाधार, चुमनुब्री लार्के पास हुँदै मनाङ्ग मुस्ताङ्ग जाने मुख्य पदमार्ग, मनोरम हिमश्रृङ्खला र अलौकिक संस्कृति सहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।




*चित्र ४ : गाउँपालिकाको नक्सा*

**(ख) जनसंख्या:** यस गाउँपालिकाबाट २०७६ सालमा संकलित तथ्याङ अनुसार यहाँ जम्मा २००४ घरपरिवार रहेका छन् (२०६८ को जनगणना अनुसार १९४९ थियो) । चुमनुब्री गाउँपालिकाको

कुल जनसंख्या ९२८९ रहेको छ । वडागत रुपमा हेर्दा वडा नं ३ मा सवैभन्दा वढी २९७७ र वडा नं ५ मा सवैभन्दा कम ७२० जनाको वसोवास रहेको छ । कुल जनसख्या मध्ये ४६६९ जना (५०.२७%) पूरुष र ४६२० जना (४९.७३%) महिला रहेका छन् । कुल जनसख्याको ५९% जनता आर्थिक रुपले सक्रिय (१५ देखि ५९ वर्ष) उमेर समुह भित्र पर्दछन् । आर्थिक रुपले सक्रिय जनसख्या मध्ये १५ देखि ३० उमेर समुह सवै भन्दा (२९.८%) वढि रहेको छ । यहाँको औषत परिवार संख्या ४.६३ तथा जनसंख्या वृद्धि दर १.९८ प्रतिशत रहेको छ ।

**तालिका १ः चुमनुब्री गाउँपालिकाको बनावट, क्षेत्रफल तथा जनसंख्या**

| वडा | समावेश गाविस | घरपरिवार | जनसंख्या | क्षेत्रफल (बर्ग कि.मी) |
|---|---|---|---|---|
| १ | सामागाउँ | १९६ | ८२३ | ३४२ |
| २ | ल्हो | २६६ | १२२८ | २०० |
| ३ | सिर्दिवास | ६७३ | २९७७ | २५८ |
| ४ | प्रोक | १९९ | ८३५ | २०४ |
| ५ | विही | १८४ | ७२० | १२१ |
| ६ | चुम्चेत | २४३ | १२७६ | २०७ |
| ७ | छेकम्पार | २४३ | १४३० | ३१७ |
| **जम्मा** | | **२००४** | **९२८९** | **१६४९** |

स्रोतः १ः जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग २ः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

**(ग) जातजाति र भाषाभाषीः** यस गाउँपालिकामा विभिन्न जातिहरुको वसोवास रहेको छ । यहाँ प्रमुख रुपमा लामा नुब्रीपा ४१%, गुरुङ ३२%, लामा चुम्बा २४%, वसोवास गर्दछन् । यस वाहेक घले (१.५५%), विश्वकर्मा (०.६५%), थकाली (०.३५%) र क्षेत्री तथा ठकुरी (०.६५%) रहेका छन् । मातृभाषाको आधारमा करिव ३३.३८% ले गुरुङ भाषा, नुब्रीलार्के २७.६% चुम्बा २४.२५% र कुथाङ १३.१ % र अन्य बिभिन्न भाषाहरु वोल्नेको सख्या १.६७% रहेको छ ।

**(घ) कुल गार्हस्थ उत्पादन :** आर्थिक वर्ष २०७५/७६ मा यहाँको कुल गार्हस्थ्य उत्पादन प्रचलित मुल्यमा रु.८३.०५ करोड रहेको अनुमान गरिएको थियो । कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र (कृषि एवं पशुपालन, उच्च मूल्ययुक्त जडिवुटी, पशुपालन र खाद्यान्न आदि) को योगदान ४७%, द्वितियक क्षेत्र (उद्योग एवं सेवा क्षेत्र, पुनःनिर्माणसँग सम्वन्धित कार्यहरु तथा लघुजलविद्युत आदि) को १७% र तृतीय क्षेत्र (होटल रेस्टुरेन्ट लगायत पर्यटनमा आधारित व्यवसाय आदि) को ३६% रहेको अनुमान छ । यहाँ उत्पादनशील उद्योगहरुको उपस्थिति न्यून रहेको छ । पर्यटन क्षेत्रको योगदान करिव १७% रहेको अनुमान छ ।

**(ङ) आर्थिक क्रियाकलाप र पेशा व्यवसायः** यस गाउँपालिकाको अर्थतन्त्र पर्यटन, कृषि तथा पशुपालन, उच्च मूल्यका जडिवुटी र वैदेशिक रोजगारीमा आधारित रहेको छ । हालैका वर्षहरुमा गाउँपालिकाको भौतिक पूर्वाधारको क्षेत्रमा बढ्दो लगानी र निजी तथा गैह्रसरकारी सस्थाहरुवाट पुनःनिर्माण कार्यमा भएको लगानीले गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान उल्लेख्य देखिन्छ ।

कृषि तथा पशुपालन यहाँका मुख्य पेशाको रुपमा रहेका छन । आर्थिक रुपले सक्रिय जनसख्याको ६७% कृषि पेशामा सलग्न छन् । हिमाली भेगमा लगाइने आलु, मकै, कोदो, जौ, उवा, कागुनो यहाँका प्रमुख परम्परागत वालिहरु हुन् । यस क्षेत्रमा थौरै मात्रामा स्याउ खेती

पाइन्छ । पशुपालनतर्फ गाई, खच्चड/घोडा, कुखुरा, वाखा तथा भेडा पालन प्रमुख रहेका छन् ।

यहाँ कुल २१७ आर्थिक प्रतिष्ठानहरु रहेका छन् । यी आर्थिक प्रतिष्ठानहरुमा जम्मा ११०९ ( महिला ५१५ र पुरुष ५९४) जनाले रोजगारी पाएको अनुमान छ । यसमा होटल, रिर्सोट, रेष्टुरेन्टको सख्या अधिक रहेको छ । यस गाउँपालिकाको तथ्याङ्क अनुसार ८२ वटा होटल, २१ रेष्टुरेन्ट, होमस्टे ७ र रिर्सोट ५ वटा रहेका छन् । यस गाउँपालिकाको प्रतिव्यक्ति आय राष्ट्रिय रु १,१८,८९३ को तुलनामा प्रतिव्यक्ति कुल गार्ह्यस्थ्य उत्पादन प्रचलित मुल्यमा रु.८९,४०६ मात्र रहेको अनुमान छ ।

**(च) खाद्य सुरक्षा र गरिबीः** कृषि यहाँको मुख्य पेशा भएपनि २७% घरपरिवारलाई मात्र आफ्नो कृषि उत्पादनले ९ महिना भन्दा वढी अवधि खान पुग्ने देखिन्छ, २३% को ७ देखि ९ महिना र करिव ४२% को ४ देखि ६ महिना खान पुग्ने उत्पादन हुन्छ । करिव ८% घरपरिवारको उत्पादनले ३ महिना भन्दा कम मात्र खान पुग्ने उत्पादन हुन्छ । पूर्णिमा परियोजना अन्तर्गत भएको सर्वेक्षणले कुल ५१५ (करिव २२% घरपरिवार) अति गरिव रहेको देखाएको छ ।

**(छ) आधारभूत सेवा सुविधाः** यस गाउँपालिकामा ८८% घरपरिवारले पाइपवाट खानेपानी सुविधा उपभोग गरिरहेका छन् । करिव ४८% घरपरिवारले सार्वजनिक धारा, ४०% ले आफनै कम्पाउन्ड भित्रको धारा, १२ प्रतिशतले नदी तथा मुल मार्फत खानेपानी प्रयोग गरिरहेका छन् । शौचालयमा पहुँचको हिसावले करिब ५१% को सामान्य खाल्डे चर्पी, २३% ले फ्लस सहितको शौचालय प्रयोग गरेका छन् । करिव २६% घरपरिवारमा कुनै पनि प्रकारको शौचालय छैन ।

यस गाउँपालिकामा रहेका कुल परिवारमध्ये अधिकांशसँग बत्ती बाल्न बिजुली वा सोलार उपलब्ध छ । करिव ५२% घरपरिवारमा लघु जलविद्युत मार्फत विजुली पुगेको छ । ४६% ले सोलार जडान गरेका छन् भने २% घरपरिवार भने प्रकाशको लागि अन्य स्रोतहरुमा निर्भर छन् । खाना पकाउने ईन्धनको हकमा ९७% दाउरामा निर्भर छन् । करिव २% घरपरिवारले एल.पि.ग्याँस र १% ले मट्टितेलको प्रयोग गर्ने गरेको देखिन्छ ।

**(ज) शैक्षिक अवस्थाः** यस गाउँपालिकाको ५ वर्ष माथिको साक्षर ७१.२२% साक्षर छन् । करिब ७८% पुरुष साक्षर भएकोमा महिला साक्षरता ६४.५% रहेको छ । १५ बर्ष भन्दा माथिको साक्षरता प्रतिशत ६३.८% रहेको छ । यस गाउँपालिकामा प्रारम्भिक (२), आधारभूत (प्रावि २०, निमावि १) र माध्यमिक (१) गरी २४ वटा विद्यालय छन् । यहाँ उच्च माध्यमिक विद्यालय छैन । गुम्वा सहित यहाँ ३ वटा निजी विद्यालयहरु रहेका छन् । यहाँ विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीको सख्या १२८६ रहेका मध्ये १२२२ जनाले संस्थागत/सामुदायिक र ६४ जना निजी विद्यालयमा अध्ययनरत छन् .। यी विद्यालयहरुमा ६१ शिक्षकहरु कार्यरत रहेका छन् ।

**(ज) स्वास्थ्य सेवाः** यस गाउँपालिकामा १२ वटा स्वास्थ्य संस्था रहेका छन् । जसमध्ये सात वटा स्वास्थ्य चौकी र पाँच ओटा सामुदायिक स्वास्थ्य ईकाई हुन् । वडा नं ७ मा एक प्राथमिक स्वास्थ्य चौकी रहेको छ । यी स्वास्थ संस्थाहरुमा ११ जना अहेव, ६ जना हे.अ., ६ जना अनमी, १ जना ल्याब असिष्टेन्ट र १० जना कार्यालय सहयोगीले कामगर्दै आएकाछन् । कुल

१२ वटा स्वास्थ्य सस्थाहरु मध्ये ८ वटामा प्रसुति सेवा, २ वटामा वर्थिङ सेन्टर र १ स्थानमा ल्याव सेवा रहेको छ । क्यान नेपाल, चाँया नेपाल लगायतका विभिन्न गैरसरकारी संस्थाहरु मार्फत स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईमा १४ जना स्वास्थ्यकर्मी र ७ जना सहयोगी कर्मचारीहरु रहेका छन । त्यसैगरी १५ ओटा गाउँघर क्लीनिक, २३ ओटा खोप क्लीनिक र ६३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् ।

(झ) **स्थानीय पूर्वाधारः** पूर्वाधारतर्फ गाउँपालिकामा रणनीतिक सडक निर्माणाधिन रहेको छ । उत्तर-दक्षिण लोकमार्ग अन्तर्गत धार्चे-जगत-सिर्दिबास-लार्के पास (१३५ कि.मी) सडक संघीय सरकारवाट निर्माण भईरहेको छ । प्रदेश सरकार अन्तरगत छेकम्पार-मु गुम्बा-तिब्बत सिमा ३७ कि.मी. मध्ये १० कि.मी. ट्र्याक खुलेको अवस्था छ । यसैगरी रोयला भञ्ज्याङ-सामागाउँ १३ कि.मी. सडक प्रदेश सरकारबाट प्रस्तावित रहेको छ । मोटर बाटो नपुगेको कारण गोरेटो र घोडेटो बाटोमा यहाँको यातायात निर्भर छ । घरधुरीको पहुँचको हिसावले १६५१ घरमा घोडेटो, ३५० घरमा गोरेटो र १ घरमा भने बाटोको पहुँच नपुगेको देखिन्छ । भौतिक पूर्वाधारका दृष्टिले गाउँपालिका केन्द्रसम्म यातायात सेवा चल्नेगरी सडक यातायातको पहुँच पुग्न नसक्नुले आर्थिक विकासमा यस गाउँपालिकालाई सवै भन्दा ठुलो समस्या भएको छ ।

२०७२ सालको महाभूकम्पबाट यो गाउँपालिका पनि अत्यधिक प्रभावित भएको थियो । उक्त भूकम्पमा १८८४ घरहरू पूर्णक्षति भएको थिए । क्षतिग्रस्त सरकारी तथा निजी आवासीय घरहरुमध्ये अधिकांश पुनःनिर्माण सम्पन्न भएका छन् ।

(ञ) **प्राकृतिक स्रोत तथा जैविक विविधताः** यस गाउँपालिकाको ठूलो क्षेत्रफल पर्ति तथा चरन क्षेत्रको रुपमा रहेको छ । गाउँपालिकाको कुल भूभागमध्ये १३.०३% वनजगंल, १.८२% कृषि क्षेत्र, हिमनदी ३%, हिउँले ढाकेको क्षेत्र ४% र ५०% भूभाग बाँझो र पर्ति रहेको छ भने बाँकी क्षेत्रफल हिमाल तथा चट्टानी भाग रहेको देखिन्छ । यस गाउँपालिका जैविक विविधताले भरिपूर्ण छ । यहाँ २०१ प्रकारका चरा, ३९ प्रकारका जनावर, ४ प्रकारका उभयचर, १३ प्रकार पुतलीहरु लगायत हिम चितुवा, जरायो, ब्वासो, निलो भेडा तथा हिमालयन थार समेत पाइन्छ । यस गाउँपालिकामा बुढी गण्डकी र यसको जलाधार क्षेत्रमा विभिन्न ३० वटा शाखा नदिनाला रहेका छन् ।

(ट) **विपद् जोखिमः** यस गाउँपालिकाको कुल भूभागको ६५.१५% भूभाग ३० डिग्रीभन्दा बढी भिरालोपन रहेको छ भने ५ डिग्रीसम्म भिरालो रहेको भूभाग जम्मा २.८७% रहेको छ । फलस्वरुप यहाँ पहिरो लगायत हावाहुरी, वाढी, नदी कटान जस्ता प्रकोपका समस्याहरु अत्यधिक हुने देखिने गरेका छन् ।

(ठ) **मनास्लु संरक्षण क्षेत्र :** यो संरक्षण क्षेत्र राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत दोस्रो संरक्षण क्षेत्रका रुपमा सन् १९९८ डिसेम्वर २८ मा घोषणा भई कार्यान्वयनमा रहेको छ । गोरखा जिल्लाको उत्तरी भेगमा रहेको चुमनुब्री गाउँपालिकाको सबै १६६३ वर्ग किमि क्षेत्रफल आगटेको यस संरक्षण क्षेत्रले सवै ७ वटा वडाहरुलाई समेट्दछ । यहाँको भूगोललाई तीन भागमा बाँडेर हेर्दा उत्तरपश्चिमी भागमा सामागाउँ, ल्हो र प्रोक गरी ३ वटा वडाहरु रहेको नुब्री उपत्यका र वीचको भूभागमा कुटाङका नामले चिनिने विही पर्दछ । उत्तरपूर्वी भागमा चुम्चेत र छेकम्पार गरी दूई वटा वडाहरु रहेका चुम उपत्यका पर्दछ भने सिर्दीवासको जगात गाउँ मनास्लु क्षेत्रको प्रवेश द्वारका रुपमा रहेको छ ।

यस गाउँपालिकाको आन्तरिक राजश्वका स्रोतहरु मध्ये प्राकृतिक स्रोतको परिचालन गर्न संरक्षण क्षेत्र अन्तर्गतको कानूनले निषेधित गरेको तथा संरक्षण क्षेत्रले उठाउने प्राकृतिक स्रोतको ५० प्रतिशत गाउँपालिकासँग बाँडफाँड गर्ने समझदारी भएको छ ।

(ङ) **विकासका अवसर र चुनौतिहरु :** प्राकृतिक सम्पदाहरुले सम्पन्न यस गाउँपालिकामा विकासका प्रचुर अवसर छन् भने भौगोलिक विकटताले निम्त्याउने चुनौतिहरु यहाँका प्रमुख चुनौति हुन् ।

**(अ) अवसर :** गाउँपालिकाको १३ प्रतिशत भूभागमा वनजंगल हुनु, जडिबुटीको प्रचुर उपलब्धता हुनु, जैविक विविधताले भरिपूर्ण विभिन्न प्रजातिका चरा, चुरुङ्गि, पुतलिहरु पाइनु, लघु जलविद्युत तथा जलविद्युतका लागि उपयुक्त खोलानालाको अवस्थिति रहनु, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थानका अलावा पदयात्रा तथा रमणीय दृश्यावलोकनका ठाँउहरु रहनु, पर्यटकीय पैदल मार्ग रहनु, ठूला चरन क्षेत्र तथा खर्क रहनु, पशुपालन अनुकुलको भूगोल रहनु, सामुदायिक सशक्तीकरण बढदै जानु, भूकम्प पछि विकास साझेदारको सहभागिता बढ्नुका साथै गैसस तथा सामुदायिक संस्थाको विकास कार्यक्रममा सम्लग्नतामा बृद्धि हुदै जानु, जडिबुटी, बहुमुल्य पत्थरखानी लगायतका प्राकृतिक सम्पदा रहनु, मनास्लु संरक्षण क्षेत्र र विश्वको आठौ अग्लो सुन्दर मनास्लु हिमाल रहनु आदि यहाँका अवसर हुन् ।

**(आ) चुनौति :** उत्तरी सीमासँग जोडिएको यो गाउँपालिका भौगोलिक रुपमा अति विकट भएकोले सडक संजालले नजोडिएको हुदाँ पैदलै हिडेर आवत जावत गर्नुपर्ने अवस्थामा सडक यातायातको पहुँच पुऱ्याउनु, एउटा वडाबाट अर्को वडासम्म पुग्न पनि २/३ दिनसम्म लाग्ने अवस्थाबाट पहुँच सहज पार्नु, दरवन्दी अनुसारका जनशक्ति व्यवस्थापन गर्नु, भिरालो भूभाग र तिब्रगतिका नदि तथा तेज गतिमा चल्ने हावाका कारण बर्षेनी हुने बाढी पहिरोको जोखिमबाट हुने धनजनको क्षति कम गर्नु, बिद्यमान प्राकृतिक स्रोतबाट अधिकतम लाभ प्राप्त गरी स्थानीय जीवनस्तरमा सुधार गर्नु, पर्यटनको विकास गरी आय र रोजगारीका अवसरहरु विस्तार गर्नु, कृषि र पशुपालनको व्यवसायीकरण गर्नु, जैविक कृषि अवलम्बन गर्नु, देशकै चौथो ठूलो क्षेत्रफलमा फैलिएको गाउँपालिका र छरिएको बस्ती एवं विकट र हिमाली भूभाग भएकाले व्यवस्थित सेवा प्रवाह गर्नु, कार्यालय भवन तथा विद्युतिय सामाग्री र इन्टरनेट पहुँच पुऱ्याउनु, हिउँदमा हिउ पर्ने तथा बर्षातमा खोलानाला बढ्ने, वाढी पहिरो जाने हुँदा न्यून काम गर्ने अवधिमा विकास निर्माण कार्य गर्नु, बैंकिङ कारोबार गर्ने बैंकको पहुँच पुऱ्याउनु आदि यस गाउँपालिका निमित्त प्रमुख चुनौतिहरु हुन् ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

चुमनुब्री गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूनाका रुपमा परिपत्र गरेको संगठन संरचना अनुसारका शाखा, उपशाखा र ईकाइहरु गाउँपालिका स्तरमा रहेका छन् । साथै सेवाप्रवाहका लागि ७ वटा वडा कार्यालयहरु, सेवाकेन्द्र र सेवाप्रवाह ईकाईहरु, विद्यालय, समिति आदि रहेका छन् । गाउँपालिकाको राजश्व सम्बन्धी जिम्मेवारी वहन गर्न प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत १ जना नासुस्तरका कर्मचारी रहनेगरी राजश्व इकाईको व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तथा मानव संशाधन तालिका यसप्रकार रहेको छ :




*चित्र ५ : संगठन संरचना*

यस गाउँपालिकाको संगठन तथा मानव संशाधन तालिका अनुसार सातौ तहको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक तथा वडा कार्यालयहरुमा समेत गरी कुल ३६ जना अधिकृत स्तर र सहयोगी कर्मचारीहरु रहेका छन् । साथै परियोजनाहरु र कृषि तथा पशु सेवाका प्राविधिकहरु, कार्यालय सहयोगी आदि कार्यरत रहेका छन् ।

यसरी गाउँपालिका नयाँ अर्थात पुनर्सरचना भई तीन बर्ष अगाडिमात्र स्थापना भएकोले आफ्नो संगठन तथा व्यवस्थापन सर्भे गरी सो वमोजिमको मानव संशाधान व्यवस्थापन गर्ने र हालसम्म १८ (१ जना करार समेत) जना परिपूर्ति भएको छ । हालसम्म राजश्व उपशाखामा कर्मचारी पूर्ति भई उपशाखामार्फत काम शुरु भइसकेको छैन । वडा कार्यालयस्तरबाट समेत राजश्व असुलीको व्यवस्था मिलाइएको छ ।

सेवाप्रवाह स्तरमा कृषि र पशु विकास तथा स्वास्थ्य सम्बन्धी सेवाकेन्द्रहरु र स्वास्थ्य चौकी तथा केन्द्रहरु, विभिन्न सेवाप्रवाह गर्ने ईकाईहरु र विद्यालयहरु, खेलकूद लगायतका समितिहरुमा समेत सीमित मानवीय जनशक्ति कार्यरत रहेका छन् ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था .

चुमनुब्री गाउँपालिकाको कार्यालय वडा नं.३ को सिर्दिबासमा रहेको छ । उक्त स्थानमा गाउँपालिकाको आफ्नो भवन निर्माणको क्रममा रहेको छ । जुन कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा ईकाईहरू संचालनमा रहने छन् । यहाँका कुल ७ वटा वडा मध्ये ५ वटा वडा कार्यालयहरूको आफ्नै भवन छन् भने १ वडाको कार्यालय भवन निर्माणको क्रममा रहेको छ र वडा नं ४ को वडा कार्यालय बहालमा रहेको छ । गाउँपालिका कार्यालय तथा सबै वडाहरूमा अतिआवश्यक फर्निचर तथा औजार उपकरणहरु (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सुविधा रहेको छ ।

गाउँपालिकाको स्वामित्वमा ४ वटा मोटरसाइकल खरिद भएका छन् ती सवै मोटरसाइकल गोरखाको जिल्ला सदरमुकाममा चल्छन् । गाउँपालिकाको आफ्नो जग्गा कहि छैन । गाउँपालिका क्षेत्रमा कठिन भिरपाखा सहितका प्रशस्त सार्वजनिक जग्गाहरू रहेका छन् । गाउँपालिकाले सार्वजनिक तथा हकभोगमा रहेको जग्गा तथा भवनहरूको अभिलेख तयार गरी नियमित अद्यावधिक गर्न जरुरी हुन्छ ।

यसरी गाउँपालिकाले आफ्नो स्वाभित्व तथा हकभोगका सम्पत्तिमा आवश्यक लगानी गरी नियमित आम्दानी गर्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

# परिच्छेद – तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाब्यता

स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था .

### ३.१.१ संवैधानिक ब्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्डजरिवाना संकलन गर्न सक्नेछन । राजश्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : तहगत राजश्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्त:शुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान, २०७२*

### ३.१.२ कानुनी व्यवस्था

**(क) स्थानीय सरकार सञ्चालन ऐन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी ब्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन् । यसैगरी गैरकर अन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले

निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । जसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून बमोजिम असूल उपर गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ ।

यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।




*चित्र ६ : गाउँपालिकाका वित्तीय स्रोतहरु*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शिर्षकहरु निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ । शुरुमा राखिएको व्यवस्थामा २०७५

सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ । परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

**(ख) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** *(आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन)*

**तालिका ३ : एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था**

| करका क्षेत्रहरु | दर निर्धारण गर्ने | संकलन गर्ने तह | राजश्व बाँडफाँड (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | १०० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

एकल कोषको व्यवस्थापनः एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ-

- यस्तो एकल कर बांडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**स्थानीय तहको आन्तरिक आय :**

स्थानीय तहका सरकार अर्थात गाउँपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु सम्वन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने बिषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ ।

**राजस्व परिचालन चक्र र प्रक्रियाः**

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै क. नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्न निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्), ख. करदाताहरुको गणना र दर्ता ( राजस्वको नक्साँकन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण), ग. राजस्वको बारेमा जानकारी, प्रचार प्रसार




*चित्र ७ : राजश्व प्रशासनका चक्र र प्रक्रियाहरु*

र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना), घ. कर संकलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम संचारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना), ङ. कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि), र च. अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (गाउँपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किशिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुडकिलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष, र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

**गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरु:**

(क) **सम्पत्ति कर सम्वन्धी व्यवस्था :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको घरजग्गामा सम्पत्ति कर लगाउने छ । यस वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर ( मालपोत) लगाउनु पर्नेछ । स्पष्टिकरण: घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल

बराबरको जग्गा र अधिकतम सो बरावरको थप जग्गा सम्झनु पर्दछ । यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनु पर्ने व्यवस्था रहेकोछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट
(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य
(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**(ख) भूमिकर (मालपोत) सम्वन्धी व्यवस्था :** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ । नेपाल सरकारको आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर ( मालपोत) लगाइने छैन ।

**(ग) व्यवसाय कर : गाउँपालिकाले** आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

**(घ) घर जग्गा वहाल कर** : गाउँपालिकाको क्षेत्रभित्र कुनै ब्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएको गाउँपालिकाले त्यस्तो वहाल रकममा वहाल कर लगाउन सक्नेछ ।

**(ङ) सवारी कर** : गाउँपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरुको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार पाएको छ ।

**(च) विज्ञापन कर** : गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**(छ) गैरकरहरु** : स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकीङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहासिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवाशुल्क लगाउने व्यवस्था रहेको छ ।

यसैगरी गाउँपालिकाबाट विभिन्न सिफारिसहरु, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोवार (प्लटिङ्ग) जस्ता व्यवसायिक संस्थाहरुको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर संकलन गर्ने व्यवस्था रहेको छ ।

**(ज) प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी व्यवस्था :** अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

**तालिका ४ : प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा)**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँड गर्न सिफारिस गरेको छ ।

**(झ) कर राजश्व बाँडफाँड सम्वन्धी व्यवस्था :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

**तालिका ५ : कर राजश्वको बाँडफाँड सम्बन्धी व्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजश्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संवैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ बर्षको लागि सिफारिस गरेको छ ।

| क.सं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|

| क.सं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या<br>कूल जनसंख्या अनुपात ८०<br>आश्रित जनसंख्या अनुपात २० | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>(पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| | **जम्मा** | **१००** | **१००** |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसपछिमात्र सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ । आयोगले गत आ.ब. २०७६/७७ मा न्यूनतम रु.३ करोड ५० लाख र आ.ब. २०७५/७६ मा न्यूनतम रु.३ करोड र त्यसपछि सुत्र अनुसार थप रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिस गरेको थियो ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अवस्था

चुमनुब्री गाउँपालिकाको सवै क्षेत्र मनास्लु संरक्षण क्षेत्र अन्तर्गत पर्ने हुँदा प्राकृतिक स्रोतको राजश्व संकलन संरक्षण क्षेत्र अन्तर्गतका वडा स्तरीय संरक्षण समिति मार्फत संकलन भई ५०% गाउँपालिकामा र ५० प्रतिशत मनास्लु संरक्षण क्षेत्रमा दाखिला हुने गरेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आयका स्रोतहरुमा सिफारिस दस्तुर, मालपोत, व्यवसायिक कर तथा दस्तुर र संरक्षण समितिसँग बाँडफाँडवाट प्राप्त रकम प्रमुख रहेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा आन्तरिक राजश्वको प्रस्तावित भन्दा यथार्थ आय ३१% बढी प्राप्त भएको छ भने आर्थिक वर्ष २०७६/०७७ मा प्रस्तावित आयको २४% मात्र राजश्व संकलन हुन सकेको छ, जसलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र ८ : गाउँपालिकाको प्रस्तावित र यथार्थ आन्तरिक राजश्व स्थिति*

*स्रोत : चुमनुब्री गाउँपालिका*

आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजश्व रु.१६ लाख ४० हजार प्रस्ताव गरिएकोमा रु.३ लाख ९८ हजार (२४%) मात्र प्राप्त भएको देखिन्छ । कोभिड १९ ले गर्दा भएको तेस्रो चौमासिक अवधि वन्दावन्दी भएको कारण तथा वडा सचिव लगायत गाउँपालिकामा कर्मचारीको न्यूनताले मालपोत तथा व्यवसाय कर असुलीमा असर परेको देखिन्छ ।

गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ मा भन्दा आ.व.२०७६/०७७ मा ९% बृद्धि गरी आन्तरिक राजश्व प्रस्ताव गरेकोमा यथार्थ राजश्व अघिल्लो आ.व. को तुलनामा ज्यादै न्यून (-३१२%) संकलन भएको देखिन्छ । यसैगरी आ.व.२०७७/०७८ का लागि प्रस्तावित आन्तरिक आय अघिल्लो वर्षको यथार्थ राजश्व भन्दा २०१% बढी तर प्रस्तावित भन्दा ३७% न्यून गरी प्रस्ताव गरेको देखिन्छ ।

गाउँपालिकाको आन्तरिक राजश्वको सम्भावनालाई अधिकतम उपयोगमार्फत राजश्व अझ बृद्धि गरी स्थानीय आवश्यकता परिपूर्तिका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने दायित्व गाउँपालिकामा निरन्तर रहन्छ । यसका लागि गाउँपालिका र मनास्लु संरक्षण क्षेत्र वीच रहेको नीतिगत दोहोरोपनामा संविधान र प्रचलित कानून अनुकूल प्रष्टता हुन निकै जरुरी देखिन्छ । साथै गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गतका कर तथा दस्तुर लगाउन सकिने सम्भाव्य स्रोतहरुको यथार्थ अवस्था विश्लेषण सहितको राजश्व सुधार कार्ययोजना तर्जुमा, जमिनको अद्यावधिक लगत तयार गर्ने, करदाताहरुको पहिचान र विवरण संकलन गर्ने, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरुको विकास, प्रवर्द्धन र प्रचार प्रसारका साथै स्थानीय आर्थिक विकास र रोजगारी सिर्जना हुने कार्यक्रम संचालनमा थप पहलबाट गाउँपालिकालाई आर्थिक रुपमा सुदृढीकरण गर्न पुग्दछ । गाउँपालिकाका राजश्वका स्रोतका आधारमा आन्तरिक आयको वर्तमान अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ६ : आन्तरिक राजश्वको बर्तमान अवस्था**

| राजश्व संकेत | राजस्व शिर्षक | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | | आ.ब. २०७७/७८ |
|---|---|---|---|---|---|
| **क.** | **कर राजश्व** | **यथार्थ** | **बजेट** | **यथार्थ** | **बजेट** |
| ११३१३ | सम्पति कर | | ५,००० | - | ५,००० |
| ११३१४ | मालपोत (भूमि कर) | | २००,००० | - | १५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३२१ | घर जग्गा बहाल कर | | २००,००० | - | २००,००० |
| १४६११ | व्यवसाय कर | | २००,००० | | १६५,००० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | ३२०,००० | | २०,००० |
| ११४७२ | विज्ञापन कर | | | | ५,००० |
| ११४७९ | मनोरञ्जन कर | | ५,००० | | |
| | **कर राजश्वको जम्मा** | - | **९३०,०००** | - | **५४५,०००** |
| **ख.** | **गैरकर राजश्व** | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांस | | २०,००० | - | |
| १४२४३ | सिफारिस दस्तुर | | १५०,००० | ३६५,१०० | १५०,००० |
| १४२४५ | प्रमाणित दस्तुर | | २५,००० | - | |
| १४२४९ | अन्य दस्तुर (घरजग्गा रजिष्ट्रेशन) | | | | ३००,००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | २५,००० | - | |
| १४२१९ | अन्य सेवा शुल्क | | ५००,००० | ३३,०५० | २००,००० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना, जफत | | १०,००० | | ५,००० |
| | **गैरकर राजश्वको जम्मा** | - | **७१०,०००** | **३९८,१५०** | **६५५,०००** |
| | **कुल जम्मा** | **२,१६०,९१२** | **१,६४०,०००** | **३९८,१५०** | **१,२००,०००** |

स्रोत : चुमनुब्री गाउँपालिका

यस गाउँपालिकामा प्राप्त आन्तरिक राजश्वको अभिलेख उचित रुपमा राख्ने व्यवस्था भइनसकेको हुँदा शीर्षकगत आम्दानीको यथार्थ विवरण प्राप्त नभएको देखिन्छ ।

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यहाँको आर्थिक क्रियाकलापको मुख्य आधार कृषियोग्य जमिन, व्यापार व्यवसाय, पर्यटन, प्राकृतिक स्रोत साधन, यार्सागुम्वा लगायतका वहुमूल्य जडिवुटी, चरन तथा खर्कहरु आदि हुन् । त्यसैगरी यहाँको खेत तथा बारीमा स्याउ, आलु, धान, गहुँ, जौ, नासपाती, आरु, केरा, लगायतका फलफूल, तरकारी, गेडागुडी आदिको व्यवसायिक उत्पादनको सम्भावना रहेको छ ।

यस गाउँपालिकामा नेपालका उच्च हिमश्रृंखला मध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (८१६३ मिटर) का साथै हिमचुली (७८९३ मिटर) र श्रृङ्गी हिमाल (७१८७ मिटर) जस्ता उच्च हिमाल तथा अन्य हिमश्रृङखलाहरु पर्दछन् । यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । यो गाउँपालिकामा लार्के (५२०५ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरुका साथै काल ताल र विरेन्द्र तालहरु जस्ता विभिन्न ताल तलैयाहरु रहेका छन् । विशिष्ट साँस्कृतिक, ऐतिहासिक गुम्बाहरु र असंख्य जडिवूटी, जैविक विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । वुढी गण्डकी जलाधार, चुमनुब्री लार्के पास हुँदै मनाङ्ग मुस्ताङ्ग जाने मुख्य पदमार्ग, मनोरम हिमश्रृङ्खला र अलौकिक संस्कृति सहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको हुनाले यहाँ पर्यटन पूर्वाधार विकास एवं होमस्टे लगायतको प्रचुर सम्भावना रहेको छ ।

चुमनुब्री गाउँपालिकामा निर्माणाधिन रणनीतिक सडकहरु निर्माणको क्रममा प्रसस्त रोजगारी सिर्जना हुने र स्थानीय उत्पादन फलफूल, जडिवुटी, खाद्यान्न, नगदे बाली, तरकारी उत्पादन, व्यवसयिक पशुपालन तथा पर्यटक तथा बटुवालाई सुविधा सहितका होटल रेष्टुरा व्यवसायले समेत




*चित्र ९ : आन्तरिक राजश्वका स्रोतहरु*

यस पालिकाका बासिन्दाको आर्थिकस्तर उँचो हुने सम्भावना देखिएको छ । यसैगरी पर्यटन विकासलाई गाउँपालिकाले प्राथमिकता दिएको र मनाश्लु हिमाल आरोहण तथा टे्किङको लागि बर्षेनी आउने करिब ८००० विदेशी पर्यटक र करिब ३००० स्वदेशी पर्यटकले गर्ने खर्चले समेत यहाँको व्यापार व्यवसाय फस्टाउने देखिन्छ । त्यसैले चुमनुब्री गाउँपालिका निकट भविष्यमा आर्थिक विकासको सम्भावित क्षेत्र बन्ने क्रममा रहेको हुँदा यहाँ उद्यम, व्यवसाय र आन्तरिक रोजगारीको सम्भावना र अवसरहरु प्रसस्त रहेका छन् ।

गाउँपालिकाको आन्तरिक राजश्वहरुमा कर राजश्व र गैरकर राजश्व गरी दुई प्रकारका रहेका छन् ।

## ३.३.१ कर राजश्व

गाउँपालिकाको राजश्वका स्रोतहरु मध्ये कर राजश्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन् :

### क. सम्पति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** गाउँपालिकाले आ.व.२०७६/७७ मा सम्पत्ति कर शीर्षकमा रु.५ हजार प्राप्त हुने अनुमान गरेकोमा कुनै पनि रकम प्राप्त भएको देखिदैन । यसैगरी आ.व.२०७७/७८ का लागि पनि रु.५ हजार नै अनुमान गरिएको छ । वास्तवमा यस गाउँपालिकामा हालसम्म सम्पत्ति कर लगाइएको छैन ।

**सम्भावना :** यस गाउँपालिकामा २००४ परिवार घरधुरीको वसोवास रहेको छ । यीमध्ये करिब ५० प्रतिशत घरहरु २०७२ सालको भूकम्प पछि पूननिर्माण भएका छन् । यी घरहरुमध्ये बजार क्षेत्रका केही घरहरु पक्की निर्माण भएका छन् भने अन्य घरहरु सामान्य मर्मतसम्भार गरी निर्माण भएका छन् । स्थानीय सरकार सञ्चालन ऐनमा भएको प्रावधान अनुसार घर र घरले चर्चेको क्षेत्रफलसम्मको जग्गामा सम्पत्ति कर लगाउन सकिने व्यवस्था रहेकोले सवै घरहरु सम्पत्ति करको दायरामा पर्न सक्छन् ।




*चित्र १० : सम्पत्ति कर प्रक्षेपण*

**सुधार गर्नुपर्ने पक्षहरु** सम्पत्ति कर घरजग्गामा लाग्ने र गाउँपालिकामा भएका सबै घरको वास्ताविक मूल्यांकन गर्न सकिएमा यो गाउँपालिकाको सबभन्दा भरपर्दो आम्दानीको स्रोत हो । यसको लागि गाउँपालिकाले नीतिगत र प्रशासनिक व्यवस्थापनमा जोड दिई कार्यान्वयन गर्नुपर्छ । नीतिगत सुधार अन्तर्गत सबै घरधुरीलाई अनिवार्य रुपमा कर लगाउन घरजग्गाको मूल्यांकनको आधार र तौरतरिकाको स्पष्ट मार्गदर्शन गर्ने, बार्षिक आर्थिक ऐनमा जनताको करतिर्ने क्षमता अनुसारको दर निर्धारण गर्ने तथा शुरुवातमा के कस्ता छुट दिन सकिन्छ भन्ने बिषय समेत स्पष्ट गर्ने तथा समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवानाको व्यवस्था समेत गर्ने बिषयहरु समावेश गर्नुपर्ने हुन्छ । यसैगरी प्रशासनिक सुधार अन्तर्गत सक्षम कर्मचारी सहितको कर शाखाको स्थापना, सफ्टवेयर सहितको कम्प्युटराईज विलिङ पद्धति, कर संकलनको तौर तरिका र वडा तहबाट अनुगमन गर्ने पद्धति विकास गर्नु अनिवार्य हुन्छ । यसमा गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक, घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमा आधारित करदाताको लगत तयारी, स्पष्ट दर निर्धारण तथा गाउँसभाबाट स्वीकृति र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र समीक्षा गर्नुपर्ने देखिन्छ ।

सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी घरजग्गा धनीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ । यस्तो मूल्यांकन गर्दा मन्त्रालयले २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधन पछि जारी निर्देशन अनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिश गर्दा परिवर्तन गर्न हुँदैन । विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिश गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिश माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसुकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो ।

यहाँ सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा शुरु मूल्य रु. ५० हजार सम्म रु. ३०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप प्रतिहजारको सम्पत्तिमा -।२० पैसा देखि सम्पतिको मूल्य बढदै जाँदा थप प्रति हजारमा रु. २।- सम्म बार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ । यसरी सम्पत्ति कर लगाउन गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ । यसमा घरमूली महिला वा महिलाको स्वामित्वमा सम्पत्ति भएमा केहि छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्न सकिने छ ।

सम्पत्ति कर हिसाब गर्दा कार्य सरलताको लागि राजस्व शाखामा कम्पुटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटीबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

नमूनाको लागि देहायमा एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

**सम्पत्ति करको सम्पत्ति मूल्यांकन गरिसकेपछि मूल्यांकित अंक र त्यसमा लाग्ने करको रकमको नमूना**

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | थप प्रतिहजार करको दर रु. | कर रकम रु. | कूल कर रकम रु. |
|---|---|---|---|---|---|
| १ देखि ५०,००० सम्म | ५०,०००.०० | ५०,००० | न्यूनतम | ३०.०० | ३० |
| ५०,००१ देखि २,००,००० सम्म | १५०,०००.०० | २००,००० | ०.२० | ३०.०० | ६० |
| २,००,००१ देखि ५,००,००० सम्म | ३००,०००.०० | ५००,००० | ०.२५ | ७५.०० | १३५ |
| ५,००,००१ देखि १०,००,००० सम्म | ५००,०००.०० | १,०००,००० | ०.३० | १५०.०० | २८५ |
| १०,००,००१ देखि २०,००,००० सम्म | १,०००,०००.०० | २,०००,००० | ०.३५ | ३५०.०० | ६३५ |
| २०,००,००१ देखि ४०,००,००० सम्म | २,०००,०००.०० | ४,०००,००० | ०.४० | ८००.०० | १,४३५ |
| ४०,००,००१ देखि ७०,००,००० सम्म | ३,०००,०००.०० | ७,०००,००० | ०.४५ | १,३५०.०० | २,७८५ |
| ७०,००,००१ देखि १,१०,००,००० सम्म | ४,०००,०००.०० | ११,०००,००० | ०.५० | २,०००.०० | ४,७८५ |
| १,१०,००,००१ देखि २,००,००,००० सम्म | ९,०००,०००.०० | २०,०००,००० | ०.६० | ५,४००.०० | ९,७३५ |
| २,००,००,००१ देखि ५,००,००,००० सम्म | ३०,०००,०००.०० | ५०,०००,००० | ०.७० | २१,०००.०० | २७,७३५ |
| ५,००,००,००१ देखि १०,००,००,००० सम्म | ५०,०००,०००.०० | १००,०००,००० | ०.८० | ४०,०००.०० | ६०,२३५ |
| १०,००,००,००१ देखि २०,००,००,००० सम्म | १००,०००,०००.०० | २००,०००,००० | १.०० | १००,०००.०० | १३०,२३५ |
| २०,००,००,००१ देखि ४०,००,००,००० सम्म | २००,०००,०००.०० | ४००,०००,००० | १.५० | ३००,०००.०० | ४३०,२३५ |
| ४०,००,००,००१ देखि ७०,००,००,००० सम्म | ३००,०००,०००.०० | ७००,०००,००० | २.०० | ६००,०००.०० | १,०३०,२३५ |

यसरी लगाइएको सम्पत्ति कर प्रगतिशील, दिगो, भरपर्दो र जनताको सम्पत्ति बढेअनुसार कर लाग्ने खालको हुने हुनाले जनसमर्थन समेत प्राप्त हुने हुन्छ ।

## ख. भूमिकर (मालपोत)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।

**विद्यमान अवस्था :** मालपोत गाउँपालिकाको परम्परादेखि चल्दै आएको र दिगो राजश्वको स्रोत हो । गाउँपालिकाले आ.व.२०७६/७७ मा यस शीर्षकमा सूत्र प्रणालीबाट सिर्जना भएको मासिक फाँटवारी अनुसार रु.२ लाख अनुमान गरेको भए तापनि कुनै पनि रकम यस शीर्षक अन्तर्गत आम्दानी भएको देखिदैन । साथै मालपोतको दर १० रोपनी भन्दा कम जग्गा हुनेलाई एउटा दर र १० रोपनी भन्दा बढी जमिन हुनेलाई दोव्वर दर निर्धारण गरेको देखिन्छ ।

**करको सम्भावना :** चुमनुब्री गाउँपालिकाको कुल क्षेत्रफल १६४८.५ वर्ग किमि रहेको मध्ये १.८२%




*चित्र ११ : मालपोत रकम प्रक्षेपण*

(३०.००३ वर्ग किमि) मात्र खेतीयोग्य जमिन रहेको हुँदा ५८,९८५ रोपनी[1] जमिन खेतीपातीका लागि उपयोग भएको अनुमान गर्न सकिन्छ । हाल गाउँपालिकामा २००४ घरधुरी रहेकोले यो जग्गाको मध्ये २००४ रोपनी घरघडेरीको लागि सम्पत्ति कर लाग्ने जमीन छुट्याई बाँकी ५६,९८५ रोपनी जग्गालाई औसत स्वामित्व हिसाव गर्दा प्रति परिवार २८.४३ रोपनी पर्न आउने देखिन्छ । यो जग्गाको प्रति रोपनी उब्जनी र उपयोग अनुसार मालपोतको दर कायम गर्दा प्रतिरोपनी कम्तिमा रु.६ देखि बढीमा रु. १२ सम्म हिसाव गर्दा प्रति परिवार बार्षिक १७१ देखि ३४१ सम्म मालपोत असूल हुनसक्ने देखिन्छ । यसबाहेक पनि बजार केन्द्र तथा प्रस्तावित सडक निर्माणसँगै विस्तार हुने शहरीकरणका आधारमा खेती वाहेकको प्रयोजनमा प्रयोग हुने जमिनमा भूमिकर लगाउन सकिने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाले हरेक वडामा रहेको जमिनलाई नयाँ भूमिसम्बन्धी ऐनको प्रावधान बमोजिम वर्गिकरण गरी भूमिको प्रयोजन अनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएको र सडक यातायातले नछोएकोमा मालपोत मात्र र खेती तथा अन्य प्रयोजनमा प्रयोग भएको र सडक यातायातको सुविधा भएको जमिनमा मालपोत र थप भूमिकर लगाउने गरी वर्गीकरण अनुसारको लगत तयार गर्नु पर्ने देखिन्छ । जमिनको वर्गीकरण अनुसार र परिमाणलाई विश्लेषण गरी प्रगतिशील किसिमको दर निर्धारण तथा गाउँसभाबाट स्वीकृत गरी सोही नीति अनुसार गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने देखिन्छ । साथै बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ । यसरी मालपोत लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने देखिन्छ । मालपोत लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने सुझाव गरिन्छ ।

[1] १ वर्ग किमि = १०० हेक्टर, १ हेक्टर = १०७,६३९ वर्गफुट/१९.६६ रोपनी हुने भएकाले ३०.००३ वर्ग किमि = ३००० हेक्टर * १९.६६ = ५८,९८५ रोपनी । https://www.metric-conversions.org/area/square-kilometers-to-hectares.htm

१. मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुने ।

२. मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति रोपनी जमिनमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रुपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यस वापतको रकम मूख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म बार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ । मानौ, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छ र यसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु. १००।- का दरले र. ८००।- भयो र यसको ५ प्रतिशत रु. ४०।- भयो । यस्तो जग्गामा प्रति रोपनी रु.४०।- सम्म मालपोतको प्रतिरोपनी दर लगाउँदा हुने भएता पनि शुरुमा केही कम दर लगाउनु नै उपयुक्त हुने देखिन्छ ।

३. मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ ।

सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. २०।- बाट शुरु गरी १ रोपनीसम्म मात्र जग्गा हुनेलाई रु. २०।- मात्र लगाउने । त्यसपछि ७ रोपनीसम्म मालपोतको दर न्यूनतममात्र लगाउने र त्यसपछिको १० रोपनीसम्म शुरु दरमा ५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको १० रोपनीसम्म शुरु दरमा २५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको २० रोपनीसम्म शुरु दरमा ५० प्रतिशत थपगरी दर कायम गर्ने, र त्यसपछिको जति भएपनि शुरु दरमा शतप्रतिशत थपगरी दर कायम गर्ने गरी मालपोतको दर निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ ।

४. उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामुहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान, र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानून अनुसार ५० प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

यसैगरी उद्योग प्रयोजन तथा व्यवसायिक चिया, अलैंची, स्याउ, ओखर, किवी, खुर्पानी लगायत फलफूल बगैंचा लगाउने तथा घाँस खेती गरी पशुपालन गर्ने किसानलाई आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरुप २५ प्रतिशत सम्म रकम छुट दिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

५. अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने बिषयमा उदाहरणबाट प्रष्ट पारौं । मानौं चुमनुब्री गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.१०।- राखेको रहेछ ।

- उदाहरणको लागि यस गाउँपालिकामा एकजना व्यक्तिको १ रोपनी जग्गामा घर छ, अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ५ रोपनीमा कच्ची सडकले छोएको छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका ।

१. सम्पत्ति करः १ रोपनीमा भएको घर र जग्गामा सम्पत्ति कर (मानौं घरजग्गाको मूल्यांकन रु.१० लाख रहेछ भने) यसको कर माथिको प्रस्ताव अनुसार रु. **३०५।-**

२. पाखो बारीको मालपोतः ३० रोपनी बारीमध्ये पहिलो ७ रोपनीको दर १०।- ले रु. ७०।-

त्यसपछिको १० रोपनीको दरमा ५% थपगरी प्रति रोपनी १०।५० ले रु. १०५।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी १२।५० ले रु. १२५।-

त्यसपछिको ३ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी १५।- ले रु. ४५।-

**पाखो बारीको मालपोत जम्मा रु. ५५०।-**

**कूल जम्मा <u>८५५।-</u>**

यस किसिमको मालपोतको हिसाव निकाल्न गाउँपालिकाका तालिम अप्राप्त कर्मचारीलाई जटिल हुन सक्ने हुनाले राजस्व शाखामा सफ्टवेयर सहितको कम्प्युटर जडान गरी प्रत्येक वडाबाट प्राप्त तथ्यांक अध्यावधिक गर्न एक बर्षको समय निर्धारण गरी सर्वप्रथम लगत तयार गर्ने र त्यसपछि राजस्व शाखाले आर्थिक बर्षको शुरुवातमा नै प्रत्येक घरधनीको गाउँपालिकामा भएका सबै जग्गाको एकीकृत मालपोत रसिद तयार गरी असूल उपर गर्न सम्वन्धित वडामा पठाउनु पर्ने हुन्छ ।

**ग. घर जग्गा बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदान, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** घर जग्गा वहाल कर गाउँपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजश्वको स्रोत हो । यस गाउँपालिकामा बहालमा लगाएको शुल्कको वार्षिक १०% घर र जग्गा वहाल कर लगाईने उल्लेख छ । गाउँपालिकाले आ.व.२०७६/७७ मा यस शीर्षकमा रु.२ लाख अनुमान गरेकोमा कुनै पनि रकम असुल भएको छैन भने आ.व.२०७७/७८ मा पनि रु.२ लाख नै प्राप्त हुने अनुमान गरिएको छ ।

**करको सम्भावना :** यस गाउँपालिकामा करिव २१७ वटा उद्योग, व्यापार, व्यवसायहरु सञ्चालनमा रहेको तथ्यांक आर्थिक गणनाबाट देखिन्छ भने २०६८ को जनगणना अनुसार केन्द्रीय तथ्यांक विभागबाट तयार भएको जिल्ला प्रोफाईल अनुसार ७२ परिवार भाडामा रहेको उल्लेख छ । यसैगरी यस गाउँपालिकामा कार्यरत रहेका २२ वटा गैरसरकारी संघसंस्था, बैंक र अन्य सरकारी निकायहरुले भाडामा घर लिई कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । यस्ता संघ संस्थाका कार्यालयले तिरेको भाडा रकम बार्षिक करिब २८ लाखको हाराहारीमा रहेको अनुमान गरिएको छ । यसैगरी व्यवसायिक कृषि उत्पादनका लागि जग्गा भाडामा प्रयोग हुन सक्ने हुँदा सडक विस्तारसँगै यसको सम्भावना बढ्दो क्रममा रहन्छ । त्यसैले व्यापार व्यवसाय, वैंक तथा वित्तीय संस्था तथा संघ संस्था र आवासीय प्रयोजनका लागि बहालमा लिएका घरहरुको वार्षिक भाडा रकमको १०% का दरले घरजग्गा बहाल कर लगाउँदा गाउँपालिकालाई दिगो रुपमा बार्षिक करिव ३ लाखसम्म बहाल कर प्राप्त हुने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** व्यवसायिक, संघ संस्था तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक वहालको दर अनुसारको लगत तयारी, वहाल करको स्वीकृत दर वमोजिम प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**घ. व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा आ.व.२०७६/७७ मा यस शीर्षकमा रु.२ लाख अनुमान गरेकोमा कुनै पनि रकम असुल भएको छैन । साथै आ.व.२०७७/७८ का लागि रु.१ लाख ६५ हजार प्राप्त हुने अनुमान गरिएको पाइन्छ ।

**करको सम्भावना :** यहाँ केन्द्रीय तथ्यांक विभागबाट गरिएको आर्थिक गणना २०७५ अनुसार २१७ वटा उद्योग व्यवसाय रहेको देखिन्छ । यस पछिपनि यस गाउँपालिका क्षेत्रमा निकै संख्यामा होटेल

लज तथा खच्चड व्यवसाय थपिएको देखिन्छ । यी व्यवसायहरुको पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा स्थानीय व्यवसायीहरुसँग समन्वय तथा सहकार्य गरी कर निर्धारण गरी राजश्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

| उत्पादन | खानी, विद्युत, खानेपानी तथा निर्माण | थोक तथा खुद्रा व्यापार | ढुवानी, भण्डारण, सूचना तथा सञ्चार | होटल, लज | वित्त, वीमा | शिक्षा | मानव स्वास्थ्य तथा समाजिक कार्य | घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २ | २ | ४७ | १ | १०९ | १ | १९ | ११ | २५ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय आर्थिक गणना २०७५*

आर्थिक ऐन २०७७ अनुसार व्यापार व्यवसायको प्रकृति अनुसार दर निर्धारण भएको पाइन्छ । यसरी निर्धारण गरिएको करको न्यूनतम दर रु.५००।- देखि अधिकतम ५०००।- सम्म रहेको देखिन्छ । यस गाउँपालिकामा रहेका माथिको तालिका अनुसारका २१७ वटा व्यवसायिक प्रतिष्ठानबाट बार्षिक करिब ३ देखि ४ लाख राजस्व असूली हुनसक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरुलाई अनिवार्य दर्ता गरी वर्गीकरण अनुसार लगत तयार गरी स्वीकृत दर वमोजिम राजश्व अनुमान र संकलन गर्नुपर्ने । व्यवसाय करको दर निर्धारण गर्दा देहायको तालिका वमोजिमका आधार लिई स्थानीय रुपमा निर्धारण गर्न उपयुक्त हुने देखिन्छ ।

**तालिका ७ : व्यवसाय करको दर निर्धारण र छुटको विधि प्रस्ताव**

| क्र.सं | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम |
|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– |
| २ | रु. १० हजारभन्दा बढी रु.२० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु.१ लाखसम्मको वार्षिक कारोबार | रु.२५०/– |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार | रु.४००/– |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मको वार्षिक कारोबार | रु.५००/– |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मको वार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. ५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने |

| क.सं | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम |
|---|---|---|---|
| ७ | रु.५ लाखभन्दा माथि रु.१० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु.५० लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । |
| ९ | रु.२० लाखभन्दा बढीको पुँजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । |

द्रष्टव्यः माथि उल्लेख भएबमोजिमको अघिल्लो तहको पुँजीगत लगानी गरी पछिल्लो तहको वार्षिक कारोबार गरेकोमा वार्षिक कारोबारको आधारमा नै व्यवसाय कर लगाउने ।

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुने गरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

**व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत**

| क्रसं. | उद्यम व्यवसायको किसिम | व्यवसाय करमा प्रस्तावित छुटको % |
|---|---|---|
| १ | गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| २ | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. १० लाखसम्म पुँजी लगानी भएका उद्यम व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| ३ | कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसायमा | माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल व्यवसाय कर अंकमा २५ प्रतिशत छुट दिने |
| ४ | औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसायमा | |
| ५ | सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसायमा | |

## ङ. जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

साथै यस गाउँपालिका मनास्लु संरक्षण क्षेत्र अन्तर्गत पर्ने भएकाले नीतिगत स्पष्टता नहुञ्जेल जडिवुटी निकासीको जिम्मेवारी संरक्षण क्षेत्रलाई रहेको सन्दर्भमा त्यहाँबाट वाँडफाँड वापत प्राप्त हुने गरेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा जडिवुटी, कवाडी तथा जीवजन्तु कर शीर्षकको राजश्व संरक्षण क्षेत्र/समितिमार्फत वाँडफाँड भई एकमुष्ट शीर्षक अन्तर्गत प्राप्त भएको हुन सक्ने देखिएको छ ।

**करको सम्भावना :** यहाँ उत्पादित जडिवुटी र जीवजन्तु सम्बन्धी लगत तयार गरी राजश्व आँकलन गर्नुपर्ने तथा व्यक्तिगत जमिन तथा पर्ति जमिन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन गर्न सकिने सम्भावना छ । यस गाउँपालिकाको विभिन्न वडामा पाँचऔले, जटामसी, चिराइतो, लौठसल्ला, सतुवा, कुट्की, मुसली, काउलो, वनलसुन, पाषाणवेद, सुगन्धवाल, जिवन्ती, शिलाजित, सुनगाभा, चुत्रो, वनकरेला, नागवेली, तेजपात, पद्यमचाल, मजिठो, झ्याउ, गामाडोल, बेलाडोना, सुगन्धकोकिला, सोमलता आदि जातका महत्वपूर्ण प्रजातिका जडिबुटीहरू पाइन्छ । यसैले यहाँ व्यवसायिक रुपमा जडिवुटी संकलन तथा विक्री वितरण गर्ने पेशा व्यवसायीहरु समेत रहेका छन् । यसैगरी यहाँको बजार क्षेत्रमा विभिन्न किशिमका कवाडी वस्तु उत्पादन तथा विक्री हुने गरेको तर यसका व्यवसायीहरु करको दायरामा आई नसकेकाले खासै राजस्व अशूल हुने गरेको छैन । यसैले यहाँ उत्पादन तथा विक्री हुने जडिबुटी, कबाडि, र जिउँदा पशुपक्षीहरु र मरेका वा मारिएका पशुपक्षिहरुको हाड, सिंग, प्वाख र छालन आदि संकलन गरी व्यवसायिक कारोबार कर लिने गर्नु उपयुक्त हुने र पशुपन्छीको व्यवसायिक कारोवार सम्भावना देखिन्छ । साथै यहाँको वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुको व्यवसायिक कारोवार हुने हाट बजारको व्यवस्थापन गरेर राजश्व बृद्धि हुनसक्ने सम्भावना छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका अन्तर्गतका जडिवुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक उपयोग वापत कर निर्धारण गरी राजश्व अनुमान र संकलन गर्नुपर्ने । यसका लागि मनास्लु संरक्षण क्षेत्रसँग आवश्यक समन्वय गरी दिगो उपयोगलाई ध्यान दिन पनि जरुरी हुन्छ ।

### च. विज्ञापन कर

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनु पर्ने उल्लेख छ । साथै सोही दफाको उपदफा (६) मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरु सम्बन्धित स्थानीय कानून वमोजिम हुने समेत उल्लेख गरिएको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ ।

गण्डकी प्रदेशको आर्थिक ऐन २०७७ दफा ५ अनुसार विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने, असुल उपर गर्ने र प्रदेश कानून वमोजिम बाँडफाँड गर्नुपर्ने उल्लेख भएको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा आ.व.२०७७/७८ का लागि विज्ञापन कर शीर्षक अन्तर्गत रु.५ हजार अनुमान गरिएको छ । साथै होर्डिङ वोर्ड राखे वापतका लागि राजश्वको दर निर्धारण भएको देखिन्छ ।

**करको सम्भावना :** यस गाउँपालिकामा तत्कालका लागि न्यून आय हुने स्रोतका रुपमा रहेता पनि निर्माणाधिन सडकहरु सम्पन्न भएपछि यहाँका लागि विज्ञापन कर पनि राजश्वको एउटा स्रोत हुने सम्भावना छ । यसका अलावा मनास्लु पर्यटन मार्गमा विज्ञापन प्रवर्द्धनको संभावना समेत रहेको छ । यसको लागि ठूला व्यवसायिक प्रतिष्ठानहरुसँग कार्यगत सम्बन्ध विकास गरी निश्चित छुट सहित विज्ञापन प्रवर्द्धन गर्ने नीति लिनु उपयुक्त हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका क्षेत्रमा रहेका व्यापारिक प्रयोजनका लागि प्रचलित कानून अनुसारको विज्ञापन सामग्रीहरुलाई नियमन गरी करको दायरामा ल्याउनु पर्ने ।

**ज. अन्य कर :** अन्य करका सम्बन्धमा ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक वस्तुको निकासी शुल्क र दस्तुर संकलन गर्ने बिषय अत्यन्त महत्वपूर्ण रहेको भएता पनि यो गाउँपालिका संरक्षण क्षेत्रमा परेकोले मनास्लु संरक्षण क्षेत्र ले नै त्यसको व्यवस्थापन गर्छ ।

यसैगरी गाउँपालिकालाई स्थानीय बजार तथा हाट बजार व्यवस्थापन गर्ने अधिकार रहेको सन्दर्भमा नियमित बजार व्यवस्था हुन नसक्ने स्थानहरुमा र कृषि उत्पादन बढी हुने स्थानहरुमा साप्ताहिक वा पाक्षिक हाट बजार सञ्चालन गर्ने र यसमा सहभागी हुने व्यवसायीहरुबाट हाट बजार कर संकलन गर्ने अभ्यास गर्न सकिन्छ । यसको लागि गाउँपालिकाका वडाहरुले आफ्नो स्थानमा सार्वजनिक खाली जग्गा वा हाटबजार सञ्चालन गर्ने स्थानको खोजीगरी बजारको लागि आवश्यक न्यूनतम पूर्वाधार (सफाई गर्ने, पानी परेमा ओत लाग्ने र बिक्री हुन नसकेका सामानहरु तत्काल सुरक्षित रुपमा राख्ने र शौचालय तथा खानेपानीको प्रवन्ध गर्नुपर्ने हुन्छ ।

## ३.३.२ गैर कर राजश्व

गाउँपालिकाको आन्तरिक राजश्वको महत्वपूर्ण स्रोत सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका पनि हुन् । यिनलाई गैर कर राजश्वका रुपमा लिने गरिन्छ, ती यसप्रकार रहेका छन् :

### क. अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न व्यवस्था रहेको छ ।

साथै गण्डकी प्रदेश आर्थिक ऐन २०७७ दफा ८ वमोजिम वन क्षेत्र तथा निजी जग्गाका रोडा, गेग्रान, स्लेट ढुंगा, गिट्टी ढुंगा, चट्टान ढुंगा, कटिंग ढुंगा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, वालुवा, चुनढुंगा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ, जराजुरी जस्ता दहत्तर, बहत्तरका साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन् र संकलनमा अनुसूची ६ वमोजिम प्राकृतिक स्रोत शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डिभिजन कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्ने उल्लेख छ ।

यस गाउँपालिका मनास्लु संरक्षण क्षेत्र अन्तर्गत पर्ने हुँदा ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ६(७) वमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य पदाको उत्खनन् तथा संकलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून वमोजिम हुने उल्लेख भएकाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र यस अन्तर्गतको संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ र नेपाल सरकारले यो संरक्षण क्षेत्रलाई कानून बमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोषलाई व्यवस्थापन जिम्मा दिएकोले राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ ऐन तथा यस अन्तर्गतको नियमावली आकर्षित हुने र सोही बमोजिम व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ । यद्यपि नेपालको संविधानले स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणको अधिकार समेटेकोले संविधान आइसकेपछि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले संघीय ऐन स्थानीय सरकार ऐन र संविधानको भावना विपरित पुरानो कानूनको व्यवस्था अनुसार कार्यान्वयन गर्नुभन्ने आदेशमा चुनौति समेत दिनसक्ने अवस्था समेत विद्यमान रहेको देखिन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले खानीजन्य वस्तु (ढुंगा, गिट्टी, वालुवा, स्लेट, माटो) तथा प्राकृतिक स्रोत उत्खनन् तथा संकलन संरक्षण क्षेत्र अन्तर्गतका समितिबाट स्थानीय उपयोग प्रयोजनका लागि दस्तुर लिई पूर्जी दिने गरिएको भए पनि गाउँपालिकाले आन्तरिक राजश्वका रुपमा अनुमान तथा संकलन गर्ने गरेको छैन ।

**बिक्रीको सम्भावना :** यस गाउँपालिकाका रणनीतिक सडक निर्माणका क्रममा यी स्रोतहरुको उपयोग हुन सक्ने अवस्था रहेको छ । साथै नीतिगत परिमार्जनको पनि सम्भावना रहेको हुँदा भविष्यमा यसबाट गाउँपालिकाले राजश्व संकलन गर्न सक्ने सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका र मनास्लु संरक्षण क्षेत्र वीच समन्वय गरी संरक्षणलाई असर नपुग्ने देखिएमा सो आधारमा परिचालनका लागि पहल गर्नुपर्ने । साथै नीतिगत स्पष्टताका लागि सम्बन्धित निकायहरुमा पैरवी गर्नुपर्ने देखिन्छ ।

### ख. बहाल विटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले हालसम्म यस शीर्षकमा राजश्व अनुमान गरिएको देखिदैन ।

**शुल्कको सम्भावना :** यस गाउँपालिका क्षेत्रमा मुख्य मुख्य घोडेटो बाटोमा सार्वजनिक पर्ति जग्गामा निकै संख्यामा साना साना अस्थायी तथा कतिपयले स्थायी रुपमा नै घर टहरा निर्माण गरी व्यापार व्यवसाय सञ्चालन गर्नुको साथै खेती समेत गर्ने गरेको पाइएकोले यस गाउँपालिका क्षेत्रमा बहाल बिटौरी शुल्कको सम्भावना प्रसस्तै देखिन्छ । यसरी बहाल विटौरी शुल्कको सम्भावना भएको हाट, बजार तथा सार्वजनिक तथा पर्ती जग्गामा व्यवसाय गरेका र आवासीय प्रयोजनमा उपयोग भएको संरचनाहरुको पहिचान गरी यसको व्यक्तिगत तथा सामुहिक लगत गर्नु पर्ने देखिन्छ । खासगरी बुढी गण्डकी तथा अन्य नदि किनारामा रहेको बाटोका आसपासका जग्गा, चुम उपत्यकामा रहेको छेकम्पार लगायत स्थान तथा नुब्री उपत्यकाका विभिन्न स्थानहरु र नेपाल चीन सीमा क्षेत्रमा आवधिक रुपमा लाग्ने हाट बजारमा यस प्रकारको करको संभावना प्रसस्त रहेको देखिएको छ ।

यसरी सार्वजनिक पर्ति तथा नदि उकास जग्गामा व्यापार, व्यवसाय र खेतीपाती गरिएको जग्गाको लगत तयार भएपछि प्रचलित मालपोत भन्दा केही बढी दरमा बहाल बिटौरी कर लगाई असूल गर्नुपर्ने देखिएकोले गाउँपालिकाले यसमा यसै आर्थिक बर्षदेखि थप प्रयास गर्नुपर्ने देखिन्छ ।

### ग. नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेवमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले जनशक्तिको कमी लगायतका कारणले नक्सापास दस्तुर सम्बन्धी राजश्व अनुमान तथा आम्दानी गरेको देखिदैन । आ.व.२०७७/७८ मा नक्सा पास सम्बन्धी कार्यविधि गाउँसभाबाट स्वीकृत गरी नक्सा पास गरेपछि मात्र भवन संरचना निर्माण गर्न अनुमति दिनका लागि आवश्यक पूर्व तयारीका कार्य भइरहेको छ । साथै आर्थिक ऐनमा चुमनुब्री गाउँपालिका क्षेत्रभित्र निर्माण हुने पक्की तथा कच्ची घर निर्माण गर्दा लाग्ने नक्सापास दस्तुर स्वीकृत भएको देखिन्छ ।

**दस्तुरको सम्भावना :** यस गाउँपालिकामा बजारीकरण हुने क्रममा रहेको तथा सडक निर्माणपछि यसमा तीव्रता आउने सम्भावना भएकाले पक्की घरहरु निर्माण हुने र नेपाल विपत जोखिमका दृष्टिले सम्वेदनशील देशको सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ । हाललाई निर्मित संरचनाको नियमन र अव निर्माण हुने संरचनामा न्यूनतम दस्तुर लिई नक्सापासको थालनी गर्नुपर्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी नक्सा पास दस्तुर निर्धारण गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त देखिन्छ ।

### घ. व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा व्यवसाय दर्ता/नवीकरण शुल्क शीर्षक अन्तर्गत राजश्व अनुमान गरिएको छैन । आर्थिक ऐन २०७७ मा व्यवसायको लगानीका आधारमा दर्ता र नवीकरण शुल्कका दरहरु स्वीकृत भएका छन् ।

**शुल्कको सम्भावना** : यहाँ विभिन्न प्रकृतिका २१७ व्यापार व्यवसायहरु सञ्चालनमा रहेको हुनाले वार्षिक रुपमा दर्ता/नवीकरणलाई अनिवार्य गर्न आवश्यक देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका क्षेत्रभित्रका व्यापार तथा व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अभिलेखीकरण गर्ने, प्रत्येक व्यवसायले देखिने गरी गाउँपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता प्रमाण पत्र राख्न अनिवार्य गर्ने, व्यवसाय दर्ता तथा नवीकरणको स्वीकृत दर अनुसारको राजश्व संकलन गर्ने ।

### ङ. सिफारिस तथा प्रमाणित दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफासिर तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा सिफारिस तथा प्रमाणित दस्तुर शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.१ लाख ५० हजार प्राप्त हुने अनुमान गरेकोमा रकम प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि पनि रु.१ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएको पाइन्छ । प्रकृतिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरिएको र विपन्न तथा निशुल्क स्वास्थ्य उपचार सिफारिस निशुल्क गर्ने व्यवस्था रहेकोले यसलाई निरन्तरता दिनु नै उपयुक्त हुन्छ ।

**दस्तुरको सम्भावना** : गाउँपालिकाको एक प्रमुख कार्य सिफारिस पनि भएको हुनाले सिफारिस तथा प्रमाणित दस्तुरबाट राजश्व प्राप्त हुने गरेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका तथा वडाहरुबाट वार्षिक रुपमा कुन सिफारिस कति परिमाणमा हुन्छ भन्ने विगत वर्षहरुको आधारमा अनुमान गरी राजश्व प्राप्त हुने अनुमान गर्नु उपयुक्त देखिन्छ ।

### च. व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन

पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ । उक्त विलम्व शुल्क आन्तरिक राजश्वका रुपमा गाउँपालिकालाई प्राप्त हुन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा व्यक्तिगत घटना दर्ता शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.२५ हजार प्राप्त हुने अनुमान गरेकोमा रकम प्राप्त भएको देखिदैन । साथै आ.व.२०७७/७८ का लागि अनुमान गरिएको पाइदैन । जन्म, मृत्यु, वसाई सराई, विवाह र सम्बन्ध विच्छेद दर्ताका लागि ३५ दिनभन्दा ढिलो गरी आएमा रु.१०० दर निर्धारण भएको छ ।

**शुल्कको सम्भावना :** व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ । साथै विपन्न तथा सिमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ ।

### छ. सेवा शुल्क (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, न्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा अन्य सेवा शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.५ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.३३ हजार प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि उक्त शीर्षकमा रु.२ लाख राजश्व प्राप्त हुने अनुमान गरिएको पाइन्छ । साथै फोहरमैला व्यवस्थापन र गाउँपालिकाको स्रोत (हल तथा कुर्ची) प्रयोग गरे वापतको शुल्कको दर निर्धारण भएको देखिन्छ ।

**शुल्कको सम्भावना :** गाउँपालिकाले प्रदान गरेको सेवाबाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन् ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, गाउँपालिकाबाट उपलब्ध हुने सेवा वापतको शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । साथै कुनै शीर्षकमा उल्लेख्य आय हुने भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजश्व प्रशासनमा सहज हुन्छ ।

### ज. न्यायिक दण्ड, जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत आ.व. २०७६/७७ मा रु.१० हजार अनुमान गरेकोमा रकम प्राप्त नभएको र आ.व.२०७७/७८ मा रु.५ हजार अनुमान गरेको पाइन्छ ।

**आयको सम्भावना :** दण्ड, जरिवाना, जफत शीर्षक वापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने चाहना गाउँपालिकाले सदैव राख्ने गर्दछ र यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरुमा आय प्राप्त हुने गर्दछ भने कतिपय दण्ड जरिवानाहरु सम्बन्धित शीर्षक मै हुने गर्दछ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षक अन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षक रहेको हुनाले गाउँपालिकाले विगत वर्षहरुको आधारमा अनुमान गरी आम्दानी गर्दा कुन शीर्षकबाट कति आम्दानी भयो भन्ने स्पष्ट हुन्छ । साथै दण्ड जरिवानाका दरहरु पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि बृद्धि हुन जान्छ ।

**झ. सामुदायिक वनबाट प्राप्त रकम** : यस गाउँपालिकाको संपूर्ण क्षेत्र मनास्लु संरक्षण क्षेत्रमा पर्ने भएकाले यहाँ सामुदायिक वन नभएको हुँदा यसबाट राजश्व प्राप्त हुने सम्भावना रहेको देखिदैन ।

# परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

गाउँपालिकाले राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनका लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले आन्तरिक राजश्व परिचालन सम्बन्धमा लिने नीतिहरु यसप्रकार रहेका छन् :

- आन्तरिक राजस्वका बर्तमान स्रोतहरुमा विविधीकरण गर्दै सम्भाव्य नयाँ स्रोतहरुको पहिचान गरिनेछ ।
- करदातालाई कर तिरेपछि गाउँपालिकाबाट सेवामा सुधार हुन्छ भन्ने विश्वासको वातावरण निर्माणका लागि शुरुमा करको दर न्यून राखी प्रशासन र लगत चुस्त दुरुस्त बनाइनेछ ।
- कर र सेवा शुल्कको संरचनालाई करदाता/सेवाग्राहीमैत्री तुल्याउन करदाता/सेवाग्राहीको तिर्न सक्ने क्षमता बढाउन करदाताको आयआर्जनमा सहयोग पुग्ने वातावरण निर्माण गरिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण व्यापार, व्यवसायलाई औपचारिक रुपमा दर्ता गरी गुणस्तीय सेवा प्रदान गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- सम्भव भएसम्म स्थानीय कच्चा पदार्थमा आधारित प्रशोधन व्यवसाय गाउँपालिकामा नै स्थापना गरी रोजगारी श्रृजना र मूल्य अभिबृद्धि गरी निकासी गर्ने नीति लिइने छ ।
- करदाता शिक्षा, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने आदि कार्यक्रम मार्फत करदाता मैत्री वातावरण सिर्जना गरिनेछ ।
- मनास्लु संरक्षण क्षेत्र र सो अन्तर्गत परिचालित समितिहरुसँग समन्वय तथा सहकार्य गरी राजश्व बृद्धिका लागि सहकार्य गरिनेछ ।
- बाझिएका कानूनहरुका विषयमा आवश्यक छलफल तथा अन्तर्क्रिया गरी गाउँपालिकाको राजश्व अधिकार स्थापित गर्न पहल गरिनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ स्थानीय राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ ।

| क्र.सं. | पद | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | उपाध्यक्ष, गाउँपालिका | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको महिला | सदस्य |

| क्र.सं. | पद | समिति (जिम्मेवारी) |
|---|---|---|
| | सदस्य | |
| ४ | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना | सदस्य |
| ६ | स्थानीय घरेलु उद्योग संघको प्रतिनिधि वा घरेलु कार्यालयको प्रतिनिधि एकजना | सदस्य |
| ७ | गाउँपालिकाको राजश्व शाखा प्रमुख | सदस्य सचिव |

चुमनुब्री गाउँपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री कुमारी गुरुङको संयोजकत्वमा राजश्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ । जसमा राजश्वको लक्ष्य, वडास्तरमा उठेका राजश्व संचित कोषमा दाखिला, वार्षिक राजश्व अनुमान आदि मुख्य हुन् । बैठकमा निजीक्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिएकाले सोको लागि जिल्ला उद्योग वाणिज्य संघ र घरेलु उद्योग संघसँग समन्वय गरी स्थानीय प्रतिनिधित्वका लागि समन्वय गर्न जरुरी देखिन्छ । साथै राजश्व परामर्श समितिका सदस्यहरुलाई राजश्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजश्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्ने कार्य हालसम्म हुन सकेको देखिदैन ।

### ४.२.१ गाउँपालिकाको राजश्व प्रशासन

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजश्व प्रशासन प्रभावकारी हुन सकेको थिएन । हाल सवै वडामा सचिव तथा गाउँपालिकामा पनि कर्मचारीहरुको व्यवस्थापन भएकाले राजश्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यको थालनी गाउँपालिकाले गरिसकेको छ । यसको लागि जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान आदि कार्यहरु हुन् । यसैगरी यहाँ राजश्वको महत्पूर्ण स्रोत पर्यटन प्रवर्द्धन भएकाले पर्यटन पूर्वाधार विकासका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने र प्रचार प्रसारका साथै होटल तथा होमस्टेको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ । वडाबाट प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालयभन्दा टाढाका वस्तीहरुमा नियमित रुपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ ।

गाउँपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजश्वका विविध पक्षहरुको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ ।

राजश्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजश्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

**तालिका ८ : राजश्व परिचालनको वर्तमान अवस्था**

| आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|
| **कर तर्फ** | | | |
| भूमि कर (मालपोत) | सम्भावना रहेको | गाउँपालिकाले पहल गर्दा मात्र संकलन भएको | घरधुरीमा आधारित प्रकृतिको दर निर्धारण भएकाले |

| आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|
| सम्पत्ति कर | सम्भावना भएको | नभएको | नभएको |
| सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना नभएको | नभएको | नभएको |
| घर जग्गा बहाल कर | हाल सिमित सम्भावना भएको र बढ्दो क्रममा रहेको | नगण्य रहेको | दर निर्धारण भएको |
| व्यवसाय कर | सम्भावना भएको | संकलन भएको | दर निर्धारण भएको |
| काठ तथा जडिबुटी बिक्री कर | संरक्षण क्षेत्र भएकाले मनास्लु संरक्षण क्षेत्रसंगको साझेदारीमा संकलन तथा बाँडफाँडको सम्भावना भएको | वडास्तरीय संरक्षण समिति मार्फत न्यून परिमाणमा संकलन हुने गरेको | नभएको |
| **अन्य राजश्व** | | | |
| ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री शुल्क | हाल स्थानीयस्तरमा भवन तथा संरचनाहरु निर्माण गर्न स्थानीय बुढीगण्डकी किनारबाट बालुवा, तथा स्थानीय खानीहरुबाट ढुंगा निकाली निर्माण कार्य हुने गरेको तर कर प्रत्यारोपण हालसम्म नगरिएको । त्यसैले बर्तमानमा सिमित सम्भावना भएको तर सडक निर्माणका क्रमसँगै सम्भावना बढ्दै जाने देखिएको | वडास्तरीय संरक्षण समितिले जारी गर्ने संकलन पूर्जी मार्फत संकलन हुने गरेको | नभएको |
| नक्सापास दस्तुर | न्यून सम्भावना भएको | नभएको | दर निर्धारण भएको परिमार्जन गर्नुपर्ने |
| व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | सम्भावना भएको | नगण्य रहेको | दर निर्धारण भएको |
| वहाल विटौरी शुल्क | पदमार्ग छेउछाउमा सार्वजनिक जग्गामा व्यवसाय तथा वसोवास भएको तथा गाउँपालिकामा हजारौं रोपनी जग्गा ऐलानी रहेको र स्थानीय किसानले दर्ता नभएका पाखो जग्गामा खेती किसानी र चरिचरण गर्ने गरेको तर करको दायरामा ल्याउने प्रयास नै नभएको । यस्ता जग्गाको खोजी तथा उपयोगको लगत तयार गर्न सकिएमा केही सम्भावना देखिएको | नभएको | नभएको |
| पार्किङ्ग शुल्क | सम्भावना नभएको | नभएको | नभएको |
| फोहरमैला व्यवस्थापन | न्यून सम्भावना भएको | नभएको | दर निर्धारण भएको |

| आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|
| शुल्क | | | परिमार्जन गर्नुपर्ने |
| स्थानीय खानेपानी महसुल | सम्भावना भएको | नभएको | नभएको |
| निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | केही वडामा बजार केन्द्र विकास गरी पाक्षिक हाटबजार सञ्चालन गर्ने, सडकको विकास सँगै कृषि बजार केन्द्र आदि विकासको सम्भावना भएको | नभएको | नभएको |
| मूल्यांकन सेवा शुल्क | सम्भावना भएको | भएको | भएको |
| दर्ता, अनुमति तथा नवीकरण दस्तुर | सम्भावना भएको | नभएको | भएको |
| ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | संरक्षण क्षेत्र भएकाले हाल सम्भावना न्यून भएको | नभएको | नभएको |
| वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएको | भएको | भएको, रसिद काट्ने र रसिद नियन्त्रण खाता राख्नुपर्ने |
| दण्ड जरिवाना | सम्भावना भएको | नगण्य रहेको | नभएको |

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरुप राजश्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजश्व परिचालनका मुख्य सवालहरु नीगित स्पष्टता, कर प्रशासन, दर, दायरा आदि सम्बन्धी रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजश्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार छन् ।

### (क) राजश्व प्रशासन

**संगठन, क्षमता र पूर्वाधार :** यस गाउँपालिकाको सवैभन्दा मुख्य सवाल राजश्व प्रशासन प्रभावकारी नहुनु हो । यहाँ राजश्व शाखा स्थापना र कर्मचारी व्यवस्थापन, कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथै वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजश्व संकलनको व्यवस्थित प्रणालीको स्थापना भएमा राजश्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ । गाउँपालिकालाई बुझाउनु पर्ने कर र आन्तरिक करको स्थानीय विकासमा पर्ने प्रभावका विषयमा स्थानीय वासिन्दामा जानकारी नभएको कारणले पनि आन्तरिक राजश्व न्यून भएको हुँदा यसका लागि गाउँपालिकाले कर शिक्षा प्रदान गर्न महत्वपूर्ण हुन्छ ।

**अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरण :** गाउँपालिकामा सम्भावना भएका विभिन्न कर, शुल्क तथा दस्तुरका स्रोत पहिचान गरी दायरा फराकिलो पार्ने तथा दरहरु निर्धारण गरी आवधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजश्वका नयाँ स्रोतहरु सिर्जना तथा प्राथमिकीकरणका

आधारमा नयाँ स्रोतहरुको पहिचान र परिचालन गर्दै स्रोतहरुको दायरा विस्तार गर्दै अगाडि बढ्न आवश्यक हुन्छ ।

**पारदर्शिता र जवाफदेहिता :** राजश्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु आवश्यक हुन्छ । गाउँपालिकाको आय व्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजश्व सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिका उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसार गर्नाले स्थानीय वासिन्दाको सहयोग बृद्धि हुन्छ । साथै गाउंपालिकाको वेवसाईटमा विवरण सार्वजनिक गर्नु उपयुक्त हुन्छ ।

**आन्तरिक नियन्त्रण :** गाउँपालिकाको राजश्व असुलीको अभिलेख व्यवस्थापन, रसिद नियन्त्रण, चुहावट रोकथाम जस्ता क्रियाकलापमा नेतृत्व तहबाट समेत अनुगमन तथा सुपरीवेक्षण गरी निर्धारित लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीतिहरु अवलम्बन गर्न आवश्यक हुन्छ । यसबाट राजश्व प्रशासन प्रभावकारी हुने तथा अभिलेख चुस्त दुरुस्त हुने हुन्छ ।

वडा कार्यालयहरुबाट असूल भएको राजस्व गाउँपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शिर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शिर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

**चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालय**

**फिलिम, गोरखा**

**वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम**

**वडा नं : राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः मितिः**

| सिनं | काटिएको रसिद नं | रसिद काटिएको मिति | राजस्वको शिर्षक | राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम | संकलन गरिएको राजस्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**(ख) स्रोतको दायराको विश्लेषण**

**स्थानीय आर्थिक विकास :** गाउँपालिकाबाट बार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी स्थानीय आर्थिक विकासका लागि व्यवसायिकता, आय आर्जन, स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन, बजारीकरण, आर्थिक विकास केन्द्रीत पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरेर रोजगारी

सिर्जना गर्नु पर्दछ । स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको गाउँपालिकाप्रति सकारात्मक धारणाको विकास र विश्वासको वातावरण निर्माण गर्नु पर्दछ । यसबाट निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित हुनुका साथै जनताको कर तिर्ने क्षमतामा बृद्धि भै गाउँपालिकाको राजश्व बृद्धिमा सहयोग पुग्दछ ।

**पर्यटनः** चुमनुब्री गाउँपालिकामा हिमालहरु रहेको हुनाले पर्यटकीय संभावना प्रशस्त रहेको छ । यहाँ रहेका मनास्लु क्षेत्रका हिमालसम्मका पदमार्गहरुको विकास र प्रवर्द्धन हुन सकेमा यस क्षेत्रमा होटल, लज, रिसोर्ट र होमस्टेको विकास भै स्थानीय आर्थिक कृयाकलापमा विस्तार हुने, फलतः राजश्वमा समेत यस क्षेत्रको योगदान बढ्ने हुन्छ ।

**कृषि तथा पशु सम्बन्धी व्यवसायिक फर्महरुको विकासः** गाउँपालिका क्षेत्रमा रहेका कृषियोग्य जमिनमा स्याउ, ओखर लगायतका उच्च भेगमा पाइने फलफूल तथा जडिबुटीको व्यवसायिक फर्महरुको विकास गर्न सकिन्छ । त्यसैगरी यहाँ रहेका घाँसे मैदानहरुमा व्यवसायिक पशुपालनबाट पशुजन्य उत्पादन निर्यात गर्ने सम्भावना रहेको छ । यसबाट कृषि तथा पशु सम्बन्धी आर्थिक क्रियाकलापमा बृद्धि भई आन्तरिक आय बढाउन सकिन्छ । यस्ता भविष्य लक्षित क्षेत्रमा लगानी तथा पूर्वाधार विकासमा ध्यान दिन सकेमा गाउँपालिकाको आय स्रोतकै विस्तार गर्न सहयोग पुग्न सक्दछ ।

## (ग) कानुनी तथा नीतिगत :

गाउँपालिकाको राजश्व अधिकार सम्बन्धी प्रावधानहरु प्रकृति संरक्षण ऐनसँग बाझेको हुनाले कतिपय स्रोतहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ । साथै गाउँपालिकाले परिचालन गर्न सक्ने राजश्वका लागि आवश्यक आर्थिक ऐन, उचित दर निर्धारण, विभिन्न कार्यविधिहरु समयमै गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको आन्तरिक आयको मुख्य श्रोतका रुपमा देखिएका सम्पत्ति कर, व्यवसाय कर, सेवाशुल्क सम्बन्धी कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

**कानूनी द्विविधा :** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र प्रकृति संरक्षण क्षेत्र सम्बन्धी ऐन तथा नियमावलीमा फरक फरक व्यवस्था रहेको हुँदा संविधानको गाउँपालिकालाई प्राप्त अधिकार कार्यान्वयनमा समस्या देखिन्छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्न गएको छ । यसरी कानूनहरूका बीच तालमेल नहुँदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा असहज हुने गरेकोछ ।

## (घ) दर विश्लेषण

राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका

आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजश्व भन्दा संकलन गर्दा लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन ।

चुमनुब्री गाउँपालिकाको करका दरहरुमा स्थानीय अवस्थालाई मध्यनजर गरी पुनरावलोकन गर्न आवश्यक देखिन्छ । स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र गाउँपालिकालाई पनि राजश्व प्राप्त सहज रुपमा हुने हुन्छ ।

**सम्पत्ति कर, मालपोत तथा भूमिकरको प्रगतिशील दर निर्धारण :** गाउँपालिकाले प्रत्येक बर्ष आर्थिक ऐन जारी गरी तय गरेको मालपोतको दरलाई विश्लेषण गर्दा न्यूनतम शुल्क रसिद समेत छपाउन नपुग्ने, कम जग्गा हुनेलाई बढी पर्ने र बढी जग्गा हुनेलाई कम रकम पर्ने खालको देखिएको छ । यसलाई परिमार्जन गरी कम परिमाणमा जग्गा हुनेलाई कम दरले मालपोत रकम अशुल गर्ने र बढी परिमाणमा जग्गा हुनेसँग बढी दरमा मालपोत रकम असुल गर्ने किसिमको प्रगतिशील दरमा मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ । यसको लागि माथि सम्भावना विश्लेषण शीर्षकमा उल्लेख गरिएको तरिकाले मालपोत लगाइएमा प्रगतिशील दर र रकम समेत सबैलाई समानुपातिक र समता उन्मूख हुने देखिन्छ । यस दरमा गरिब र सिमान्तकृत समूदाय तथा व्यवसायिक रुपमा कृषि तथा फलफुल खेती गर्ने किसानलाई गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरुप छुट दिनसक्ने प्रावधान राख्न समेत सुझाव गरिन्छ । गाउँपालिकाबाटमाथि उल्लेख गरे बमोजिम मालपोत निर्धारण गरिएमा प्रगतिशील र समतामुखी हुने देखिएकोले सिफारिस गरिएको छ ।

### (ङ) समावेशिता तथा सहभागिता अभिबृद्धि :

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ । यसबाट रोजगारी सिर्जना तथा आर्थिक गतिविधिमा बृद्धि भई गरिवी न्यूनीकरणमा समेत योगदान पुग्दछ । कर तथा राजश्व परिचालनमा स्थानीय करदाताहरुको अपनत्व र सहभागिता बृद्धिका लागि कर सचेतना कार्यक्रमका साथै करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सुझाव दिइन्छ ।

# परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्धितीय स्रोतबाट संकलित सूचना विश्लेषण तथा प्रविधिको प्रयोग गरी भएको अन्तरक्रियाबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको चुमनुब्री गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गाउँपालिकाले राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु यस प्रकार रहेका छन्:

### ५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीतिहरु

साविकका ७ वटा गाउँ विकास समितिहरु मिलाएर गठन गरिएको हिमाली गाउँपालिकाका रुपमा रहेको चुमनुब्री गाउँपालिकामा विद्यमान कानून प्रदत्त धेरै राजश्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाउँपालिकाले आवश्यक कानूनहरु तर्जुमा गरीरहेको छ भने कतिपय पुराना कानूनलाई सामयिक परिमार्जन एवं संशोधन पनि गर्नुपर्ने देखिएमा सो समेत गर्न सक्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर गरी प्रभावकारी आन्तरिक राजश्व परिचालनका लागि देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. राजश्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
२. राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
३. राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

### ५.१.२ कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. राजश्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाइने छ । | १. गाउँपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै लगानी गरिनेछ ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा मनास्लु संरक्षण क्षेत्र, निजी क्षेत्र तथा सरोकारवालाहरुको सहभागिता जुटाईनेछ ।<br>४. करको बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेकसम्मत बनाइने छ<br>५. राजश्व स्रोतका दायराको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६. राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>७. आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>८. गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ । साथै |

| रणनीति | कार्यनीति |
|---|---|
| | पर्यटन विकासमा मनास्लु संरक्षण क्षेत्र तथा निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ।<br>९. पूर्वाधार उपयोग महशुल, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ।<br>१०. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ।<br>११. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ। |
| २. राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाइने छ। | १. गाउँपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ।<br>२. गाउँपालिकाको राजश्व शाखामा आवश्यक दरबन्दी पूर्ति गरिनेछ।<br>३. स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ।<br>४. राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ।<br>५. राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ। स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ।<br>६. प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ।<br>७. राजस्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ। |
| ३. राजस्व प्रणालीलाई सरल, सहज करदातामैत्री र पारदर्शी बनाइने छ। | १. कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ।<br>२. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ।<br>३. कर/राजश्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिने छ। साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ। |
| ४. समन्वय र सहकार्यमा अभिवृद्धि गरिनेछ। | १. पर्यटन शुल्क तथा प्राकृतिक स्रोतमा अधारित करका सम्बन्धमा मनास्लु संरक्षण क्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>२. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ<br>३. राजश्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जि.स.स.सँग नियमित अन्तरक्रिया गरिनेछ। यसैगरी अन्य छिमेकी स्थानीय तह खासगरी धार्चे, र सुलिकोट गाउँपालिकासँग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल गरी समाधान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.३ राजश्व सुधार कार्ययोजना

गाउँपालिकाको सूचना तथा तथ्यांक अध्ययन र अन्तर्क्रियाका आधारमा तयार गरिएको चुमनुब्री गाउँपालिकाको राजश्व सुधार योजना यसप्रकार रहेको छ :

**तालिका ९: राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजश्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने<br>- सम्पत्ति मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकनको विधि र दर निर्धारण गर्ने,<br>- करदाताको सम्पत्ति मुल्यांकनमा चित्त नबुझ्ने करदाताले उजुरी दिने र यसको छिनोफानो गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने | २०७८ असार मसान्तसम्म | • राजश्व परामर्श समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजश्व शाखा |
| | - मूल्यांकन अनुसारको करदाताको लगत तयार गरी कम्पुटर सफ्टवेयरमा सबै घरजग्गा धनीहरुको लगत तयार गर्ने | २०७८ असोज मसान्तसम्म | • राजस्व शाखा |
| | - लगत अनुसार प्रत्येक घरधनीलाई सम्पत्ति करको बिल छपाइ गरी वडामार्फत घर घरमा पठाउने | २०७८ चैत्र मसान्तसम्म | • राजस्व शाखा |
| व्यवसाय कर | - गाउँपालिकाका सबै व्यवसायीहरुलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने | २०७७ चैत्र मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरु |
| | - व्यसायीहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | • गाउँ कार्यपालिका |
| | - लघु जलविद्युत दर्ता तथा नवीकरणको दर निर्धारण गर्ने<br>- लघु जलविद्युत दर्ताका लागि सूचना जारी गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँसभा<br>• गाउँ कार्यपालिका |
| पूर्वाधार उपयोग शुल्क | - खानेपानी महशुल दर निर्धारण गर्ने<br>- महशुल संकलन गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँसभा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| घर जग्गा वहाल कर | - वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने ।<br>- घरधनीहरुसँग अन्तरक्रिया गर्ने<br>- घरजग्गा बहाल कर संकलन गर्ने । | २०७७ चैत्र मसान्तसम्म | • राजश्व परामर्श समिति<br>• राजश्व शाखा |
| वहाल विटौरी शुल्क | - सार्वजनिक जग्गाहरु उपयोग बारेको विवरण तयार गर्ने<br>- सार्वजनिक जग्गाहरुको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने<br>- बहाल विटौरी करको दर निर्धारण गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँ कार्यपालिका<br>• राजश्व परामर्श समिति |
| | - सार्वजनिक जग्गाहरुमा कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने | आ.व. २०७८/०७९ देखि | • गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | - महिला पुरुष छुट्टिने गरी घरजग्गाको अभिलेख राख्ने<br>- प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | २०७८ श्रावण देखि | • गाउँ कार्यपालिका |
| प्राकृतिक स्रोत बिक्री | - जडिबुटी, प्राकृतिक स्रोत तथा ढुंगा, गिट्टि, बालुवा उत्खनन्/संकलन एवं राजश्व संकलन सम्बन्धमा मनास्लु संरक्षण क्षेत्रसँग समन्वय गर्ने | २०७७ चैत्र मसान्त | • गाउँपालिका र सम्बन्धित शाखा |
| कृषि तथा पशुजन्य उत्पादनको व्यवसायिक उपयोग | - कृषि तथा पशुजन्य उत्पादनको व्यवसायिक उपयोगको परिमाण अनुमान गर्ने<br>- करको दर निर्धारण गर्ने<br>- कृषि तथा पशुजन्य उपज संकलन केन्द्र/बजार स्थापना गर्ने<br>- सहकारी संस्थाहरुलाई सुदृढीकरण गर्ने | २०७८ असार मसान्त | • गाउँपालिका र राजश्व शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | - वडागत रुपमा व्यवसाय दर्ता अभियान सञ्चालन गर्ने<br>- संघसंस्थाहरुको विवरण संकलन गर्ने<br>- वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने | २०७८ बैशाख मसान्तसम्म | • गाउँपालिका, वडा कार्यालय, राजश्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकरुपता कायम गर्ने | २०७७ चैत्र मसान्तसम्म | • वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | - पर्यटकीय स्थल प्रवेश शुल्क असुलीको अनुगमन गर्ने र बाँडफाँडका लागि संरक्षण | २०७८ श्रावण | • गाउँ कार्यपालिका, |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | केन्द्रसँग समन्वय गर्ने<br>- पर्यटन प्रवर्द्धनका लागि पहल गर्ने | | योजना शाखा |
| नक्सा पास दस्तुर | - नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>- प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने<br>- नक्सापासलाई अनिवार्य गर्ने ।<br>- बनीसकेका संरचनाहरुको दर्ता गर्ने | २०७७ फागुन देखि | • प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| पानी मुहान दर्ता गर्ने | - पानी मुहान दर्ता गर्ने बारे कार्यविधि स्वीकृत गर्ने<br>- सरोकारवालाहरुलाई जानकारी गराउने<br>- मुहान दर्ताको दर निर्धारण गर्ने | २०७८ श्रावण | • वडा कार्यालय |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | - होमस्टेहरुको विकास तथा विस्तार गर्ने<br>- वडा जोड्ने तथा शाखा सडक निर्माण तथा स्तरोन्नति गर्ने<br>- गोरेटो तथा घोडेटोहरुको मर्मत सम्भार गर्ने | २०७८ श्रावण देखि | • गाउँपालिका र प्राविधिक शाखा |
| पर्यटकीय स्थलहको विकास तथा प्रवर्द्धन | - गाउँपालिका क्षेत्रका पर्यटकीय स्थलहरुको प्रवर्द्धनका लागि पर्यटकीय प्याकेजको विकास, मनास्लु संरक्षण क्षेत्र तथा निजी क्षेत्रसँग सहकार्य गर्ने | आ.व. २०७७ चैत्रदेखि | • गाउँ कार्यपालिका, निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजश्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | - राजश्व शाखाको दरबन्दी अनुरुप पदपूर्ति गर्ने र राजश्व संकलनको जिम्मेवारी किटान गर्ने<br>- गाउँपालिकाको राजश्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने<br>- राजश्वका असल अभ्यासबारे जानकारी दिने<br>- गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व प्रशासन, अभिलेखन र सफ्टवेयरबारे तालिम प्रदान गर्ने<br>- करदाता तथा व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>- निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | प्रथम पटक विज्ञको सहयोगमा २०७७ पौष भित्र र त्यसपछि नियमित | • गाउँपालिका<br>• राजश्व परामर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल बिटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क, सूचना संकलन गर्ने<br>- करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने<br>- महशुल योग्य पूर्वाधारहरु (सडक, सिंचाई, खानेपानी, भवन आदि) को अभिलेख तयार गर्ने | २०७८ श्रावण देखि | • वडा कार्यालय, राजश्व शाखा, प्राविधिक शाखा |
| राजश्व संकलन तथा अभिलेख | - राजश्व अभिलेख सम्बन्धी एकीकृत ( अनलाईन) सफ्टवेयर तयार पार्ने<br>- करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजश्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | नियमित | • गाउँ कार्यपालिका र वडा कार्यालयहरु |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>- गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>- कर तथा राजश्व असुलीका लागि घरदैलो कार्यक्रम तथा घुम्ति शिविर सञ्चालन गर्ने<br>- राजश्व संकलनको विवरण त्रैमासिक एवं अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरु |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- कर चुहावट नियन्त्रण गर्ने | प्रत्येक तीन महिनामा | • कार्यपालिका तथा वडा कार्यालयहरु |
| करदाता र कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने<br>- बढी कर तिर्नेलाई करदातालाई सम्मान गर्ने | वार्षिक रुपमा ( गाउँ सभा गर्ने दिनमा) | • गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत |
| राजश्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | - गाउँपालिकामा राजश्व शाखाको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत ब्याकअप सहितको सुविधा उपलब्ध गराउने | २०७८ श्रावण | • गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण

राजश्व सुधार कार्ययोजनालाई गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्नका लागि तीन आर्थिक वर्षहरुको यथार्थ र प्रस्तावित राजश्वको अध्ययन तथा गाउँपालिकाको सम्भावनाहरुलाई विश्लेषण गरेर आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजश्व प्रक्षेपण सम्बन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

गाउँपालिकाको राजश्व सम्बन्धी संकलित तथ्यांक, राजश्व सुधार कार्ययोजना तथा विगत वर्षहरुमा भएको वार्षिक वृद्धि दर र सम्भाव्यता समेतलाई आधार मानेर देहाय अनुसार राजश्व प्रक्षेपण गरिएको छ । यसको विस्तृत विवरण अनुसूची १ र २ मा संलग्न रहेको छ :

**तालिका १० : राजश्व प्रक्षेपणका अधार**

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११३१३ | **सम्पत्ति कर** | ५१८००० | ४१४४०० | ४९७२८० | ५९६७३६ | पहिलो वर्ष सम्भाब्यताको ८० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले बृद्धि हुने अनुमान |
| ११३१४ | **मालपोत (भूमिकर)** | ५२७७०० | ४२२१६० | ५०६५९२ | ६०७९१० | पहिलो वर्ष सम्भाब्यताको ८० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले बृद्धि हुने अनुमान |
| ११३१५ | **घरजग्गा रजिष्ट्रेशन दस्तुर वाँडफाँडबाट प्रदेश** | ३००००० | ३००००० | ३३०००० | ३६३००० | प्रदेशबाट प्राप्त हुने आगामी आ.व.रु.३ लाख र प्रत्येक वर्ष १० प्रतिशतले बृद्धि हुने अनुमान |
| ११३२१ | **घर बहाल कर** | २७९००० | २७९००० | ३०६९०० | ३३७५९० | वहाल करमा पहिलो बर्ष कुल संभावनाको सवै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३२२ | **बहाल विटौरी शुल्क** | ३१५०० | ३१५०० | ३४६५० | ३८११५ | वहाल विटौरी शुल्क पहिलो बर्ष कुल संभावनाको सवै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११४११ | **बाँडफाँड भई प्राप्त हुने मु.अ.कर** | ६८१८३४३० | ७५,००१,७७३ | ८२,५०१,९५० | ९०,७५२,१४५ | चालु आवमा संघीय सरकारवाट मु.अ.कर तथा आन्तरिक अन्तशुल्क वापत प्राप्त रकममा वार्षिक १०% बृद्धिहुने अनुमान |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११४२१ | **बाँडफाँड भई प्राप्त हुने आन्तरिक अन्तःशुल्क** | ० | ० | ० | ० | मू.अ.करमा समावेश गरी एकमुष्ठ हिसाव राख्ने गरेकाले नछुट्टिएको |
| ११४५६ | **सवारी साधन कर वाँडफाँडबाट प्राप्त हुने** | ० | ० | ० | ० | प्रदेश सरकारवाट प्राप्त हुने |
| ११४७२ | **विज्ञापन कर** | ५००० | ६,००० | ७,८०० | १०,९२० | आगामी आ.व.देखि कुल सम्भावनाको वार्षिक २०%, दोस्रो वर्षमा ३०% र तेस्रो वर्षमा ४०% ले बृद्धि हुने अनुमान । |
| ११६११ | **अन्य कर (जडिबुटी, कवाडी, जीवजन्तु कर)** | ० | ० | ० | ० | संरक्षण क्षेत्रसँग बाँडफाँड भई प्राप्त हुने भएकाले हाल अनुमान नगरिएको |
| १३३११ | **समानीकरण अनुदान (संघ)** | ६८७००००० | ७५,५७०,००० | ८३,१२७,००० | ९१,४३९,७०० | चालु आवको अनुमान रकममा वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| १३३११ | **समानीकरण अनुदान (प्रदेश)** | १२२८१००० | १३,५०९,१०० | १४,८६०,०१० | १६,३४६,०११ | चालु आवको अनुमान रकममा वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (संघ)** | १२०३००००० | १३२,३३०,००० | १४५,५६३,००० | १६०,११९,३०० | चालु आवमा प्राप्त हुने अनुमान रकममा वार्षिक १०% बृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (प्रदेश)** | १०००००००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० | चालु आवमा प्राप्त हुने रकममा वार्षिक १०% बृद्धि हुने अनुमान |
| १३३१५ | **विशेष अनुदान (पूजीगत)** | ५०००००० | ५,०००,००० | ५,०००,००० | ५,०००,००० | वार्षिक ५० लाखका दरले प्राप्त हुने अनुमान |
| १३३१६ | **समपुरक अनुदान (चालु)** | ० | ० | ० | ० | नभएको |
| १३३१७ | **समपुरक अनुदान (पूँजीगत)** | २५००००० | २,५००,००० | २,७५०,००० | ३,०२५,००० | चालु आवमा समपुरक अनुमान नभएतापनि आउने आ.व.हरूमा वार्षिक २५ लाख प्राप्त हुने अनुमान |
| १३३१८ | **अन्य अनुदान (चालु)** | १८३१५००० | २०,१४६,५०० | २२,१६१,१५० | २४,३७७,२६५ | सामाजिक सुरक्षा वापतको रकम वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| १३४१२ | **लागत सहभागिता** | ० | ० | ० | ० | अनुमान नगरिएको तर गाउँपालिकाले कुल विकास बजेटको १०% नगद र १०% वस्तुगत रुपमा लागत सहभागिता परिचालन गर्न उपयुक्त हुने । |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ११००० | ११,००० | १२,१०० | १३,३१० | कार्यालयको हल तथा कुर्ची प्रयोग वापत प्राप्त हुने र वार्षिक १०% बृद्धि हुँदै जाने |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २८१५२७७ | ३,०९६,८०५ | ३,४०६,४८६ | ३,७४७,१३४ | हरेक वर्ष १०% ले बृद्धि हुँदै जाने अनुमान गरिएको |
| १४१९१ | पर्यटन शुल्क | ० | ० | ० | ० | संरक्षण क्षेत्र प्रवेश शुल्क संघले उठाउने भएकाले हाल अनुमान नगरिएको |
| १४२४२ | नक्सापास दस्तुर | १२५,००० | ११२,५०० | १२३,७५० | १३६,१२५ | आगामी आ.व.मा कुल सम्भावनाको ९०% र त्यसपछि वार्षिक १०% ले बृद्धि हुदै जाने अनुमान गरिएको । |
| १४२४३ | सिफारिश दस्तुर | १९०३६० | १९०,३६० | २२८,४३२ | २७४,११८ | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक २०% का दरले बृद्धिहुने अनुमान |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ५००० | ५,००० | ५,००० | ५,००० | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक सोही वमोजिम हुने अनुमान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ६३१०० | ६३,१०० | ७५,७२० | ९०,८६४ | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक २०% का दरले बृद्धिहुने अनुमान |
| १४२४९ | अन्य दस्तुर | ५०००० | ५०,००० | ५५,००० | ६०,५०० | आगामी आ.व.का लागि एकमुष्ठ रु.५० हजार र वार्षिक १०% का दरले बृद्धि हुने अनुमान |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क | ७५,७५० | ६८,१७५ | ७४,९९३ | ८२,४९२ | आगामी वर्षमा कुल सम्भावनाको ९०%, दोस्रोदेखि वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २५००० | २५,००० | २५,००० | २५,००० | वार्षिक एकमुष्ठ रु.२५ हजार हुने अनुमान |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०००० | १०,००० | १०,००० | १०,००० | वार्षिक एकमुष्ठ रु.१० हजार प्राप्त हुने अनुमान |
| १४५२९ | अन्य राजस्व (विविध आय) | ७००००० | ७००,००० | ७७०,००० | ८४७,००० | संरक्षण क्षेत्रसँग बाँडफाँड हुने समेत एकमुष्ट रु.७ लाख प्राप्त भई वार्षिक रुपमा १०% का दरले बृद्धि हुने अनुमान |
| १४६११ | व्यवसाय कर | ३६२,७०० | ३२६,४३० | ३५९,०७३ | ३९४,९८० | आगामी वर्षमा कुल सम्भावनाको ९०%, दोस्रो वर्षदेखि |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाव्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | | | | | | वार्षिक १०% ले बृद्धि हुने अनुमान |
| १५१११ | बेरुजु | २००००० | २००,००० | २२०,००० | २४२,००० | एकमुष्ट रु.२ लाख बेरुजु असुली भई वार्षिक रुपमा १०% का दरले बृद्धि हुने अनुमान |
| | जम्मा | ३११,५७३,८१७ | ३४१,३६८,८०३ | ३७५,१११,८८६ | ४१२,२५२,२१५ | |
| | वार्षिक बृद्धि दर (प्रशिसत) | | ४.७ | ९.९ | ९.९ | |

नोट :

(१) यस गाउँपालिकामा निर्माणाधिन सडकले प्रयोग गर्ने ढुंगा, गिट्टी प्रयोगबाट हुन सक्ने आय तथा मनास्लु संरक्षण कोषसँग सम्भावित नीतिगत परिमार्जनबाट बढ्ने आन्तरिक स्रोतलाई अनुमान गरिएको छैन ।

(२) संरक्षण क्षेत्र अन्तर्गत वडा संरक्षण समितिबाट गाउँपालिकालाई प्राप्त हुने प्राकृतिक स्रोत वापतको रकमलाई शीर्षकगत अभिलेखीकरण गर्ने ढाँचा वारे गाउँपालिकाले सहजीकरण गरी शीर्षकगत आम्दानी बाँध्ने र कम्तिमा त्रैमासिक रुपमा गाउँपालिकामा जम्मा गर्ने गरेमा राजश्व अभिलेखीकरण र प्रक्षेपणमा सहज हुने देखिन्छ ।

(३) लागत सहभागितालाई गाउँपालिकाले निर्णय गरी कार्यान्वयन गर्न उपयुक्त हुने ।

# परिच्छेद – सातः अपेक्षित नतिजा

प्रस्तुत राजश्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजश्वमा चालु आ.व.को अनुमानको तुलनामा अन्तिम वर्षमा रु.१२ लाखबाट करिव ३७ लाख ६२ हजार भई ३१३% ले बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस गाउँपालिकामा आन्तरिक राजश्वका स्रोतहरु मध्ये मालपोत, नक्सापास दस्तुर, सम्पत्ति कर, संरक्षण क्षेत्रबाट बाँडफाँडबाट प्राप्त प्राकृतिक स्रोत उपयोग विविध शुल्कहरु महत्वपूर्ण हुने देखिन्छ । यस गाउँपालिकाको अघिल्लो परिच्छेदमा प्रक्षेपित आन्तरिक आय र संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त हुन सक्ने आय समेत गरी कूल आय संक्षेपमा देहायको तालिका वमोजिम हुने अपेक्षा गर्न सकिन्छ ।

**तालिका ११ M गाउँपालिकाको अपेक्षित आय संक्षेपमा**

| राजश्व शिर्षक | यथार्थ | यथार्थ | अनुमान | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| आन्तरिक आय | २,१६०,९१२ | ३९८,१५० | १,२००,००० | २,९०८,६२५ | ३,३०४,४९० | ३,७६१,७४१ |
| संघीय राजश्व बाँडफाँडबाट प्राप्त आय | ४०,३५६,९०४ | ४३,४७६,६९७ | ६८,१८३,४३० | ७८,०९८,५७८ | ८५,९०८,४३६ | ९४,४९९,२७९ |
| प्रदेशसंग राजस्व वाँडफाँडबाट आय | – | – | – | ३०६,००० | ३३७,८०० | ३७३,९२० |
| अनुदान | १६४,८७२,००० | १७४,७९५,००० | २१६,२८१,००० | २६०,०५५,६०० | २८५,५६१,१६० | ३१३,६१७,२७६ |
| लागत सहभागिता | – | – | – | – | – | – |
| **जम्मा** | **२०७,३८९,८१६** | **२१८,६६९,८४७** | **२८५,६६४,४३०** | **३४१,३६८,८०३** | **३७५,१११,८८५** | **४१२,२५२,२१६** |
| मौज्दात | ४१,८१३,३७७ | ५०,७१२,०२१ | ४०,४३०,५७० | – | – | – |
| **कुल आय बजेट** | **२४९,२०३,१९३** | **२६९,३८१,८६८** | **३२६,०९५,०००** | **३४१,३६८,८०३** | **३७५,१११,८८५** | **४१२,२५२,२१६** |

*स्रोत : राजस्व सम्बन्धी तथ्यांक विश्लेषण २०७७*




*चित्र १२ : कुल बजेटमा आन्तरिक आयको हिस्सा यथार्थ तथा प्रक्षेपित*

यसरी गाउँपालिकाले यस कार्ययोजनाको अन्तिम आ.व. मा आफ्नो कुल आय मध्ये आन्तरिक राजस्वको हिस्सा हालको यथार्थ ०.१८% बाट बृद्धि भई ०.९१% पुग्ने अपेक्षा गरिएको छ ।

गाउँपालिकासँग भएका स्रोत साधन परिचालनमा जोड दिएर स्थानीय विकासका लागि उल्लेख्य स्रोत स्थानीयस्तरबाटै जुटाउँदै अगाडी बढ्ने दिशामा प्रस्तुत कार्ययोजना महत्वपूर्ण माध्यम हुन सक्दछ । गाउँपालिकाको वार्षिक योजना तर्जुमाका लागि आन्तरिक स्रोत अनुमान गर्ने मार्गदर्शकका रुपमा यसले सहयोग पुग्ने अपेक्षा पनि लिन सकिन्छ । साथै यस गाउँपालिका पूर्वाधार विकासको क्रममा रहेको हुनाले आन्तरिक राजश्व निकट भविष्यमा तीव्र अनुपातमा बृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद – आठ : अनुगमन तथा मूल्यांकन

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजश्व सुधार कार्ययोजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनु जरुरी हुन्छ । राजश्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमा राजश्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ ।




*चित्र १३ : राजश्व सुधार कार्ययोजना अनुगमन तथा मूल्यांकन*

अनुगमनबाट गाउँपालिकाको राजश्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजश्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजश्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजश्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरु नियमित रुपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा गाउँपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजश्व सुधार कार्ययोजना र सो वमोजिम संकलित राजश्वको अनुगमन तथा मूल्यांकनलागि निम्न वमोजिम अनुगमन तथा मूल्यांकन गर्न उपयुक्त हुने देखिन्छ ।

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| राजश्व असुली | राजश्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजश्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजश्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |

